# साकेला गाँउपालिका कृषि तथा पशुपंछी विकास कार्यक्रम कार्यान्वयन कार्यविधिः२०८२

**साकेला गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

मानेभनञ्ज्याङ, खोटाङ

कोशी प्रदेश, नेपाल।

साकेला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ठुलो म्यांग्राइ, खोटाङ, कोशी प्रदेश नेपाल
स्था. २०७३

प्रमाणित मितिः२०८२/१२/२३

# साकेला गाउँपालिका कृषि तथा पशुपंक्षी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

**प्रस्तावना**ः साकेला गाँउपालिकाको वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमको कृषि तथा पशुपंक्षी तर्फका कार्यक्रम कार्यान्वयन प्रकृयालाई व्यवस्थित बनाउन, बजेट खर्च प्रक्रियामा एकरुपता ल्याउन, कार्यक्रमहरु सुव्यवस्थित, पारदर्शी, प्रक्रियागत स्पष्टता एवं कृषकमैत्री बनाउन, दोहोरो अनुदान निरुत्साहीत गरी साकेला गाउँपालिकाको कृषि तथा पशुपंक्षी विकास कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन तथा कार्यान्वयन गर्न बाञ्छनीय भएकाले साकेला गाउँ कार्यपालिकाले कृषि विकास तथा पशुपन्क्षी सेवा ऐन, २०८१ को दफा ४५ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि स्वीकृत गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः(१)** यो कार्यविधिको नाम "साकेला गाउँपालिकाको कृषि तथा पशुपंक्षी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" रहेको छ।

**(२)** यो कार्यविधि गाउँपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषा**ःविषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "अनुदान" भन्नाले यस कार्यविधि अनुरुप सञ्चालन गरिने कार्यक्रमको लागि कार्यालयबाट उपलब्ध गराइने रकम वा जिन्सी सामग्रीलाई सम्झनु पर्दछ।

(ख) "लाभग्राही" भन्नाले यस कार्यविधि अनुसार अनुदान प्राप्त गर्ने कृषक/फर्म/कृषक समूह/कृषि सहकारी संस्था आदिलाई सम्झनु पर्दछ।

(ग) "आर्थिक विकास समिति" भन्नाले साकेला गाँउपालिकाको आर्थिक विकास समितिलाई जनाउनेछ।

(घ) "उप-प्रमुख" भन्नाले साकेला गाउँपालिकको उप-प्रमुखलाई जनाउने छ।

(ङ) "कम्पनी" भन्नाले व्यवसाय गर्न चाहने व्यक्ति वा समूहले प्रचलित कम्पनी कानून अनुरुप दर्ता भएका संस्थालाई सम्झनु पर्दछ।

(च) "कार्यालय" भन्नाले साकेला गाँउपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(छ) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका न्यूनतम् १५ वा सो भन्दा बढी व्यक्तिहरु मिलि सामूहिक प्रयत्नद्धारा कृषि क्षेत्रमा साझा उद्देश्यहरु प्राप्त गर्न साविकको जिल्ला कृषि विकास कार्यालय र जिल्ला पशु सेवा कार्यालय तथा गाउँपालिकामा दर्ता भएका पालिका भित्रका कृषक समूह सम्झनु पर्दछ।

(ज) "कृषक" भन्नाले कृषि तथा पशुपंक्षी उत्पादनमा प्रत्यक्ष संलग्न भएको व्यक्तिलाई सम्झनु पर्दछ।

(झ) "कृषि कार्यक्रम" भन्नाले कृषि तथा पशुपंक्षी विकास कार्यक्रमको लागि रकम विनियोजन भई शीर्षक अनुसार कृषि तथा पशु सेवा शाखा बाट कार्यान्वयन हुने गरी तोकिएको कार्यक्रम भन्ने बुझ्नु पर्दछ।

(ञ) "कृषि विकास शाखा" भन्नाले साकेला गाँउपालिका अन्तरगत कृषि सम्वन्धि काम गर्ने शाखा सम्झनु पर्दछ।

(ट) "पशु सेवा शाखा" भन्नाले साकेला गाउँपालिका अन्तरगत पशुपंक्षी सम्वन्धि काम गर्ने शाखा सम्झनु पर्दछ।

(ठ) "कृषि सहकारी" भन्नाले साकेला गाँउपालिका भित्र रहेका सहकारी ऐन अनुरुपदर्ता भएका संस्था सम्झनु पर्दछ।

(ड) "कृषि" भन्नाले बाली, बागवानी, पशुपंछी, मत्स्य आदि कृषिका सबै उप क्षेत्रसँग सम्बद्ध उत्पादन, उद्योग एवं व्यवसायहरु सम्झनु पर्दछ।

(ढ) "गाउँपालिका" भन्नाले साकेला गाँउपालिका सम्झनु पर्दछ।

रवि प्रकाश राई
गाउँपालिका अध्यक्ष

(ण) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले साकेला गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउछ ।

(त) “प्रमुख” भन्नाले साकेला गाँउपालिकाको प्रमुखलाई जनाउछ ।

(थ) “प्राविधिक” भन्नाले कार्यालयमा कृषि विकास तथा पशु सेवा शाखामा कार्यरत प्राविधिक कर्मचारीलाई सम्झनु पर्दछ ।

(द) “फर्म” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको निजी क्षेत्रका व्यवसायी/उद्यमीको संस्थालाई सम्झनु पर्दछ।

(ध) “वडा” भन्नाले साकेला गाँउपालिका अन्तर्गतका सबै वडाहरु सम्झनु पर्दछ ।

(न) “शाखा” भन्नाले साकेला गाँउपालिकाको कृषि विकास तथा पशु सेवा शाखालाई सम्झनु पर्दछ ।

(न्) “समिति” भन्नाले साकेला गाँउपालिकाको आर्थिक विकास समितिलाई सम्झनु पर्दछ।

(प) “सहकारी” भन्नाले कृषि सहकारी वा कृषि कार्यक्रम समावेश भएको सहकारी संस्थालाई सम्झनु पर्दछ ।

(फ) “स्थानीय तह” भन्नाले संविधान बमोजिम स्थापना भएका गाउँपालिका वा गाउँपालिका सम्झनु पर्दछ ।

(ब) “स्वीकृत वार्षिक बजेट” भन्नाले साकेला गाँउपालिकाको चालु आ.व. बाट कृषि तथा पशुपंक्षी विकास कार्यक्रम सञ्चालनको लागि तोकिएको बजेट सम्झनु पर्दछ।

३. **सरोकारवाला निकायहरु:-** यस कार्यक्रम सञ्चालन गर्न विभिन्न सरोकारवालाहरुको देहायबमोजिमको भूमिका रहनेछ।

क) कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी संस्था मार्फत एकल वा संयुक्त रुपमा कार्यालयबाट कृषि तथा पशुपंक्षी विकास कार्यक्रम सञ्चालन हुनेछ ।

ख) कार्यालयले कार्यक्रम तर्जुमा, नीतिगत सहजीकरण, अनुगमन मुल्याङ्कन तथा समन्वय गरी कार्यक्रम कार्यान्वयनमा सहयोग गर्नेछ।

ग) कार्यालयले कार्यक्रम दोहोरोपना नहुने गरी प्रदेश र संघ स्थित कार्यालयसँग समन्वय र सहकार्य गरी सञ्चालन गर्नुपर्नेछ ।

घ) लाभग्राही र कार्यालयको आवश्यकताको आधारमा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न कृषि तथा पशुपंक्षी सम्बन्धी कार्य गर्ने गैर सरकारी संस्थाले समन्वय र सहकार्य गर्नुपर्नेछ।

**४. अनुदान उपलब्ध गराउन सक्ने: साकेला गाउँपालिकाले वार्षिक स्वीकृत वजेट तथा स्वीकृत कार्यक्रम बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।**

रवि प्रकाश राई
गाउँपालिका अध्यक्ष

## परिच्छेद–२

### कृषि तथा पशुपंक्षी विकास शाखाबाट सञ्चालन गरिने कार्यक्रमहरू:

५. **सञ्चालन हुने कार्यक्रमहरु**: (१) यस कार्यविधि अन्तर्गत देहाय बमोजिमका कार्यक्रमहरु साकेला गाउँपलिकाको कार्यालयबाट स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट, सङ्घीय, प्रदेश सरकारको सशर्त कार्यक्रम कार्यान्वयन कार्यविधि तथा निर्देशनको परिधिभित्र रहि सञ्चालन गरिनेछ ।

क. आकस्मिक वाली संरक्षण कार्यक्रम

ख. व्यवसायिक फलफूल (केरा/कागती/आँप/लिची/सुन्तला/ कागती/किवी/ भुईँकँटहर/ड्र्यागनफ्रूट/ओखर ) विकास (नर्सरी / नयाँ बगैँचा स्थापना/ पुरानो बगैँचा व्यवस्थापन/ खेती विस्तार समेत)

ग. सामुहिक खेतिका लागि चक्लावन्दी कार्यक्रम

घ. औद्योगिक वाली प्रवर्धन कार्यक्रम

ङ. मसला बाली प्रबर्द्धन (अलैंची/ अदुवा/ वेसार/ लसुन/ प्याज

च. रैथाने वाली प्रवर्धन कार्यक्रम

छ. पुष्प व्यवसाय प्रवर्धन कार्यक्रम

ज. उत्कृष्ठ कृषक पूरष्कार कार्यक्रम

झ. जैविक तथा वानस्पतिक प्रयोग सचेतना कार्यक्रम

ञ. कृषकहरुको क्षमता अभिवृद्धि कार्यक्रम

ट. मागका आधारमा कृषकहरुका लागि यन्त्र,औजार, उपकरण वितरण कार्यक्रम

ठ. कृषकहरुका मागका आधारमा विउ विजन/ विरुवा वितरण कार्यक्रम

ड. मौरीपालन प्रवर्धन कार्यक्रम

ढ. कृषि बजार तथा संकलन केन्द्र निर्माण तथा संचालन

ण. यूवा लक्षित कृषि विकास कार्यक्रम

त. कृषि पर्यटन प्रवर्धन कार्यक्रम

थ. साना/मझौला सिँचाइ आयोजना निर्माण तथा मर्मत सुधार कार्यक्रम

द. कृषि मेला महोत्सव तथा अन्य दिवश संचालन कार्यक्रम

ध. स्थानीय उत्पादनको लोगो सहित ब्रान्डिङ कार्यक्रम

न. बाली उपचार शिविर सञ्चालन कार्यक्रम

फ. माटो परीक्षण घुम्ति शिविर संचालन कार्यक्रम

ब. प्राङगारिक कृषि प्रवर्धन(प्राङगारिक मल, कम्पोष्ट मल उत्पादन सहयोग कार्यक्रम)

भ. प्राविधिक कर्मचारिको क्षमता अभिवृद्धि कार्यक्रम

म. क्रप कटिङ कार्यक्रम

य.थोपा सिचांई कार्यक्रम

र. खाध्यान्न वाली प्रवर्धन कार्यक्रम

ल. तरकारी वालि प्रवर्धन कार्यक्रम

व. तेलहन वालि प्रवर्द्धन कार्यक्रम

स. बाझो जमिनमा खेति प्रवर्द्धन कार्यक्रम

गाउँ साकेला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ, वोटाङ, कोशी प्रदेश नेपाल
स्था. २०७३

**२. पशुपंक्षी तथा माछापालन सम्बन्धि कार्यक्रमहरुः**

क. गाई/भैसी उत्पादन कार्यक्रम
ख. भेडा/बाख्रा उत्पादन कार्यक्रम
ग. मत्स्य उत्पादन कार्यक्रम सुँगुर/बँगुर उत्पादन कार्यक्रम
घ. पंक्षी पालन कार्यक्रम
ङ. घाँस खेति कार्यक्रम
च. गोठ/खोर/भकारो निर्माण तथा सुधार कार्यक्रम
छ. दुध,मासु,अण्डा उत्पादन कार्यक्रम
ज. गोवर तथा मलमुत्र उत्पादन कार्यक्रम
झ. पशुपंक्षी उपचार तथा रोग निदान सेवा कार्यक्रम

## ६. कृषि तथा पशुपंक्षी विकास कार्यक्रममा लाभग्राही छनौटका आधारहरु:

(१) कृषि तथा पशुपंक्षी कार्यक्रम साकेला गाँउपालिका भित्रका कृषक वा कृषक समूह वा कृषि सहकारी वा व्यवसायीक कृषि फर्म बाट कार्यान्वयन हुनेछ।

(२) कृषक वा कृषक समूह वा कृषि सहकारी वा व्यवसायीक कृषि फर्म तथा क्षेत्र छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्।

क) कृषि सम्बन्धी कार्यक्रम सञ्चालनका लागि कार्यक्रम संचालन व्यवसाय तथा स्थल भौगोलिक तथा आर्थिक दृष्टिकोणले उपयुक्त हुनुपर्नेछ।

ख) व्यवसायको लागि जमीन आफ्नै वा भाडामा लिएर गर्न सकिने छ। खेती व्यवसाय गर्ने कृषक सोही गाउँपालिकाको स्थायी बासिन्दा वा न्यूनतम ३ महिना देखी अस्थायी बसोबास गरेको वा फर्म साकेला गाँउपालिकामा व्यवसाय दर्ता भएको हुनु पर्नेछ।

ग) व्यवसायिक खेतीको लागि सम्बन्धित कृषकले कुल लागतको कार्यक्रमको प्रकृति अनुसार लागत साझेदारी रकम व्यहोर्नु पर्नेछ। उक्त रकम वा श्रमदान वा जिन्सी वा तीनै थरी गरी हुन सक्नेछ।

घ) महिला, दलित, सामाजिक रुपमा पिछडिएका तथा विपन्न कृषक वर्गको हितलाई विशेष प्राथमिकता दिईनेछ।

ङ) वातावरणीय अनुकूलका कृषि व्यवसायलाई प्रोत्साहित गरिनेछ।

च) गाउँपालिका तथा अन्य सरकारी तथा गैह्र सरकारी निकायका अन्य कार्यक्रमबाट सोही कृषि तथा पशुपंक्षी व्यवसायका लागि सहयोग नलिएको कृषकहरुलाई प्राथमिकता दिइनेछ।

छ) वार्षिक रुपमा एक पटक अनुदान पाएका कृषक/ संगोलमा रहेका कृषक परिवारलाई पुनःअनुदान दिईने छैन।

ज) छनौट भएका लाभग्राहीहरुले सम्बन्धित कार्यक्रम सोही आर्थिक वर्ष भित्र पुरा गर्नु पर्दछ।

## ७. कृषि कार्यक्रम सञ्चालनमा संयोजक र निजको दायित्वः

(क) अनुदान कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी कृषि विकास शाखा तथा पशु सेवा प्रमुखको हुनेछ। शाखा प्रमुखले आवश्यकता अनुसार शाखाका अन्य कर्मचारीहरुलाई कार्यक्रम तथा क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी बाँडफाँड गरी संयोजक तोक्न सक्नेछ। पद रिक्त भएको खण्डमा कार्यालयले अन्य कुनै अधिकृतलाई संयोजक तोकी जिम्मेवारी तोक्नु पर्नेछ।

(ख) संयोजकले गाउँपालिका भित्र बालीनाली तथा पशुपंक्षीहरुमा देखिएको समस्या हेरी सम्बन्धीत विषय विशेषज्ञ, कृषि ज्ञान केन्द्र र भेटेरिनरी तथा पशु विज्ञ केन्द्रको सहयोगमा निरीक्षण, अनुगमन, समस्या समाधान जस्ता कार्यहरु गर्नुपर्नेछ।

(ग) प्रत्येक अनुदान कार्यक्रम सम्वन्धी भए गरेका कार्यहरुको अभिलेख कार्यक्रम संयोजकले राख्नुपर्नेछ।

रवि प्रकाश राई
गाउँपालिका अध्यक्ष

## ८. कृषि तथा पशुपंक्षी विकास कार्यक्रम सञ्चालन प्रकृया/अनुदान कार्यक्रम सञ्चालनार्थ कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछः

**क) सूचना प्रवाहः** गाउँपालिकाले कृषि कार्यक्रम सञ्चालन गर्दा अपनाउनु पर्ने आधारहरु तथा कार्यविधि बारे गाउँपालिकाको सूचना बोर्ड, वेवसाइट, स्थानीय पत्रपत्रिका, वडा कार्यालय, सहकारी मार्फत अधिकतम कृषकहरु सम्म सूचनाको पहूँच पुग्ने गरी अनुसूची-१ बमोजिमको ढाँचामा इरत्यक आर्थिक वर्षको भाद्र महिना भित्रमा सूचना प्रवाह गराउनु पर्नेछ। माथि जुनसुकै कुरा उललेख भएतापनी आवश्यक्ता अनुसार समय हेरफेर गर्न सकिनेछ।

**ख) आवेदन सङ्कलनः** उपरोक्त कार्यक्रम अन्तर्गत सञ्चालन हुने कुनै पनि अनुदानको कार्यक्रम कार्यान्वयनको लागि कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारी/उपभोक्त समितिहरुले अनुसूची-२ बमोजिमको ढाँचामा गाउँपालिकाको कृषि तथा पशु सेवा शाखामा आवेदन पेश गर्नुपर्नेछ। आवेदकले प्रस्तावना वडा कार्यालयहरुको सिफारिस पत्र साथ गाउँपालिकाको कृषि तथा पशु सेवा शाखा मार्फत साकेला गाउँपालिकाको कार्यालयमा प्रस्तावना दर्ता गराउनु पर्नेछ।

**ग) प्रस्तावना**:- आवेदनको साथमा अनुसूची-३ बमोजिमको ढाँचामा आफूले गर्न चाहने प्रस्तावनाको संक्षिप्त कार्ययोजना पेश गर्नुपर्नेछ।

**घ) छनौट प्रक्रिया**:- गाउँपालिकाले दफा ८ को खण्ड (ग) बमोजिम अनुदान कार्यक्रमबारे माग भई आएका आवेदनहरुको छनौट प्रक्रिया अगाडि बढाउदा अनुसुची-६ मा उल्लेखित सूचकहरुको आधार एवं प्रस्तावना **सञ्चालन हुने स्थानको स्थलगत अवलोकन प्रतिवेदन** तयार गर्नुपर्नेछ। पेश भएका प्रस्तावनाहरु मध्ये उपयुक्त प्रस्तावनाहरुलाई **छनौट तथा मुल्यांकन समितिबाट** स्वीकृत गरिनेछ। स्वीकृत गरिएका प्रस्तावनाहरुलाई गाउँपालिकाले अनुसूची-४ बमोजिम सम्झौता गराई कार्यक्रम सञ्चालन गराइनेछ। सम्झौता पश्चात् कार्यालयले कार्यादेश दिनेछ। कार्यक्रम सम्झौतामा तोकिएका क्रियाकलापहरु तोकिएको समय अवधिभित्र सु-सम्पन्न गर्नुपर्नेछ।

**ङ) प्राप्त हुन आएका प्रस्तावहरुको छनौट देहाय वमोजिमका समितिले गर्नेछ।**

- **छनौट तथा मूल्याङकन समितिः**

क) साकेला गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत ◌- संयोजक
ख) साकेला गाउँपालिका कृषि तथा पशु सेवा शाखा -सदस्य
ग) साकेला गाउँपालिका कृषि तथा पशु सेवा शाखा -सदस्य सचिव

## ९. अनुदान कार्यक्रम कार्यान्वयन प्रक्रिया:-

- संघ र प्रदेशबाट हस्तान्तरित अनुदानका जुनसुकै कार्यक्रमहरु सञ्चालन गर्न मार्गदर्शन, मापदण्ड, कार्यविधि संघ र प्रदेशले स्थानिय तहहरुले बनाई कार्यक्रम सञ्चालन गर्न सक्नेछन भनिएको खण्डमा यसै कार्यविधि वमोजिम सञ्चालन गर्न सकिनेछ।
- **गाउँपालिकाले प्रदान गर्ने अनुदान सो को कार्यान्वयन देहाय बमोजिम हुनेछः**

१) कार्यक्रमको प्रकृति अनुसार अनुदान रकम आशिंक तथा पूर्ण अनुदान हुनेछ।

२) कृषि फर्म/कम्पनी/समूह/सहकारी/जल उपभोक्ता संस्थाले अनुदानमा कृषि उत्पादन सामग्रीहरु खरिद गर्नका लागि अनुसूची-७ बमोजिम श्रोत केन्द्र/आपुर्तिकर्ता सिफारिस माग गर्न सक्नेछ।

३) अनुदानको प्रस्तावना स्वीकृति पश्चात् गाउँपालिकाले कार्यक्रमको लागि अनुदानको ३३% पेश्की रकम सरोकारवालाको बैंक खातामा उपलब्ध गराउन सक्नेछ। गाउँपालिकाबाट कार्यक्रम स्वीकृत भई गाउँपालिकासँग सम्झौता भएपछि कार्यक्रम

सञ्चालन गर्नुपर्नेछ । कार्यक्रम सम्पन्न भएपछि आवश्यक कागजात तयार गरी अन्तिम भुक्तानीका लागि निवेदन पेश गर्नु पर्नेछ। आर्थिक विकास समितिले अनुगमन गरी सन्तोषजनक रुपमा कार्यक्रम सम्पन्न भएको पाइएमा रकम भुक्तानी दिइनेछ ।

४) नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम गाउँपालिकाले अग्रसरता लिई सम्वन्धित कृषकद्वारा पारदर्शिता अपनाई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। कार्यक्रम सञ्चालन पेश भएको प्रस्तावना र सम्झौता अनुसार हुनुपर्नेछ ।

५) अनुदानको लागि छनौट भएका लाभग्राहीले स्वीकृत कार्यक्रमको कार्ययोजना क्रियाकलापहरु सञ्चालन गर्दा अनुसूची-८ बमोजिमको बोर्ड सबैले देख्ने स्थानमा राख्नु पर्नेछ ।

**१०. कार्य सम्पन्न प्रतिवेदन**:- कृषकहरुले प्रस्तावना र सम्झौता अनुसार कार्यक्रम पूर्ण रुपले सम्पन्न भईसकेपछि सम्बन्धित कृषक/उद्यमी/ कृषक समूह/ सहकारीले वडा कार्यालयको सिफारिस साथ अनुसूची-५ बमोजिमको ढाँचामा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## परिच्छेद–३
## कार्यक्रम कार्यान्वयनको भूमिका तथा कार्य जिम्मेवारी

**११. कृषि तथा पशुपंक्षी विकास कार्यक्रम कार्यान्वयनमा कृषि विकास र पशु सेवा शाखा, आर्थिक विकास समिति, अनुगमन तथा सुपरिवेक्षण समिति र गाउँ कार्यापालिकाको भूमिका तथा जिम्मेवारी देहाय बमोजिम हुनेछः**

| क्र.सं. | विवरण | जिम्मेवारी |
|---|---|---|
| १ | वार्षिक बजेट तथा कार्यक्रम, कार्यक्रम कार्यान्वयन कार्यविधि/कार्ययोजना/ मापदण्ड प्रस्ताव गर्ने । | कृषि विकास तथा पशु सेवा शाखा |
| २ | वार्षिक बजेट तथा कार्यक्रम र कार्यक्रम कार्यान्वयन कार्यविधि छलफल गरी गाउँकार्यपालिकामा पेश गर्ने तथा कार्ययोजना र मापदण्ड स्वीकृत गर्ने । | आर्थिक विकास समिति |
| ३ | वार्षिक बजेट तथा कार्यक्रम र कार्यान्वयन कार्यविधि छलफल गरी निर्णय प्रकृयाका लागि गाउँ कार्यपालिका बैठकमा पेश गर्ने । | आर्थिक विकास समिति |
| ४ | वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गरी अनुमोदनका लागि गाउँसभामा पेश गर्ने र कार्यक्रम कार्यान्वयन नीति, कार्यक्रम र कार्यविधि स्वीकृत गर्ने । | गाउँ कार्यपालिका |
| ५ | स्वीकृत कार्यक्रमहरुको कार्यान्वयन सम्बन्धि क्षेत्र प्राथमिकीकरण, सुचना प्रकाशन, प्रस्ताव आह्वान, प्रस्ताव/माग संकलन तथा प्रारम्भिक मुल्याङ्कन । | कृषि विकास तथा पशु सेवा शाखा |
| ६ | कार्यक्रम कार्यान्वयन क्षेत्र छनौट, प्रस्तावको अन्तिम मुल्याङकन तथा लाभग्राही छनौट । | अर्थिक विकास समिति/ छनोट तथा मुल्यांकन समिति |
| ७ | लाभग्राही सँग संझौता गर्ने, कार्यक्रम कार्यान्वयन सहजीकरण । | कृषि विकास तथा पशु सेवा शाखा |

रवि प्रकाश राई
गाउँपालिका अध्यक्ष

| | | |
|---|---|---|
| ८ | कार्यक्रम कार्यान्वयन अनुगमन तथा मुल्याङ्कन। | कृषि विकास तथा पशु सेवा शाखा, वडा समिति, आर्थिक विकास समिति र गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिले कार्यक्रमको प्रकृति अनुसार गर्नेछ। |

**परिच्छेद ४**

**कृषि तथा पशुपंक्षी कार्यक्रम सञ्चालनका प्राविधिक पक्ष तथा कार्यक्रम कार्यान्वयन प्रक्रिया**

यस परिच्छेद अनुसार आर्थिक वर्षमा स्वीकृत भएका कार्यक्रमहरुको कार्यक्रमगत परिचय, उद्देश्य, कार्यक्रम अन्तरगत सञ्चालन गर्न सकिने प्रमुख कृयाकलाप, पालना गर्नुपर्ने न्यूनतम मापदण्ड जस्ता प्राविधिक पक्षहरुको बारेमा उल्लेख गरिएको छ।

| **कार्यक्रम** | **आकस्मिक बाली संरक्षण** |
|---|---|
| परिचय | बालीनालीमा अनपेक्षित रुपमा रोग किराको आक्रमण हुन गएमा त्यसको क्षति न्यूनिकरणका लागि गाउँ स्तरबाट यस कार्यक्रम सञ्चालन गरिनेछ। |
| उद्देश्य | १. बालीनालीलाई आकस्मिक लाग्ने रोग किराबाट समयमै बचाउने।<br>२. बालीलाई रोग किराबाट हुने आर्थिक क्षतिलाई कम गराई उत्पादन र उत्पादकत्व वृद्धि गर्ने। |
| गर्न सकिने कृयाकलापहरु | १. आकस्मिक बाली संरक्षण कार्यक्रममा आवश्यक पर्ने विषादी, एलो स्टिकी ट्र्याप, फेरोमोन ल्यूर लगायतका सामग्री यकिन गरेर खरिद गरी प्रकोप नियन्त्रण गर्न कृषि शाखाका प्राविधिक, कृषक, कृषि समूह, कृषि सहकारी र कृषि फर्म समेत परिचालन गर्न सकिनेछ।<br>२. भुल वस खेतबारीमा कुनै किसिमको विषादी अत्याधिक भई बाली नाश हुन गएमा र उत्पादन नहुने निश्चित भएमा लागत अनुमान र क्षति प्रतिवेदन तयार गरी आवश्यक सहयोग गर्न सकिने। |
| न्यूनतम मापदण्ड | १. बालीनालीमा अनपेक्षित रुपमा रोग किराको आक्रमण भई सम्बन्धित कार्यालयले छोटो अवधिमा ठूलो क्षति हुने सम्भावन देखेमा प्राविधिकको समन्वयमा निक्रयौल गरी प्रकोप ठहर गरेमा आकस्मिक बाली संरक्षण कार्यक्रम संचालन गर्नुपर्नेछ। |
| अनुदान शर्त | १. क्षतिको प्रकार हेरी प्राविधिकको लागत ईष्टिमेट अनुसार खर्च गर्न सकिनेछ। क्षतिको प्रकृति हेरी कृषक, कृषक समूह वा कृषि सहकारी संस्था र कृषि फर्महरुलाई आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ। विषादी वितरणमा शत प्रतिशत अनुदान दिन सकिनेछ। |
| कार्यक्रम सञ्चालन विधि | १. खरिद तथा वितरण सम्बन्धी कार्यहरू आधारभुत स्पेसिफिकेशन, कार्यक्रम प्रस्ताव तथा ल.ई. तयार गरी अनुदान बापतको रकम खरिद तथा वितरण सम्बन्धी कार्यहरू आधारभुत स्पेसिफिकेशन, कार्यक्रम प्रस्ताव तथा ल.ई. तयार गरी अनुदान बापतको रकम भुक्तानी गरिनेछ।<br>२. खरिद प्रकृया प्रचलित खरिद ऐन २०६३ र नियामावली २०६४ वमोजिम उपलब्ध गराउन सक्नेछ। |
| **कार्यक्रम** | **व्यवसायिक,फलफूल(केरा/कागती/आँप/लिची/सुन्तला/किवी/भुईँकटहर/ड्र्यागनफ्रूट/ मेकाडेमियानट,ओखर)विकास (नर्सरी/ नयाँ बगैँचा स्थापना/ पुरानो बगैँचा व्यवस्थापन/ खेती विस्तार समेत)** |
| परिचय | व्यावसायिक फलफूल खेतीको प्रवर्द्धनका लागि केरा/कागती/आँप/लिची/सुन्तला/ कागती/किवी/ भुईँकटहर/ड्र्यागनफ्रूट/ओखर खेती प्रवर्द्धन (नयाँ बगैवचा स्थापना/ पुरानो बगैँचा व्यवस्थापन/ खेती विस्तार समेत) जस्ता फलफूलहरुको व्यावसायिक खेती प्रवर्द्धन कार्यक्रमको सञ्चालनन गरिनेछ। |

| | |
|---|---|
| उद्देश्य | १. व्यवसायिक फलफूल खेती गरी फलफूलको उत्पादन तथा उत्पादकत्व बढाउने ।<br>२. व्यवसायिक फलफूल खेती विस्तार गरी फलफूलको आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा टेवा पुर्याउने ।<br>३. स्थानीय स्तरमा रोजगारी सिर्जना हुने । |
| गर्न सकिने क्रियाकलापहरू | १. फलफूल नर्सरी स्थापना तथा व्यवस्थापनमा बिउबिजन तथा बेर्नामा अनुदान,<br>२. फलफूल बगैँचा स्थापनामा अनुदान,<br>३. पुरानो फलफूल बगैँचा व्यवस्थापनमा अनुदान (मलखाद व्यवस्थापन, सिँचाई व्यवस्थापन, काँटछाँट, तार जालीले बगैँचा फेन्सिङ समेत),<br>४. मागका आधारमा कृषि औजार उपकरणमा अनुदान (सिकेचर, बडिङ् नाईफ, प्रुनर, ईलेक्ट्रिक स्प्रे आदि)<br>५. जमिन तयारी तथा गोडमेलमा श्रमको व्यवस्था साथै सामग्री ढुवानीमा अनुदान,<br>६. कार्यक्रम पहिचानका लागि सायन बोर्ड अनिवार्य । |
| न्यूनतम मापदण्ड | १. साकेला गाँउपालिका मातहतका कृषक, कृषक समूह, कृषि सहकारी संस्था र कृषि फर्म हुनुपर्ने,<br>२. कृषक समूह, कृषि सहकारी संस्था र कृषि फर्म दर्ता भएको हुनुपर्ने,<br>३. जग्गा भाडामा लिएको भए कम्तीमा ५ वर्षको करार सम्झौता हुनुपर्ने,<br>४. नर्सरी वा नयाँ बगैँचा स्थापनामा बाँझो रहेको खेतियोग्य जग्गालाई प्राथमिकता दिईने,<br>५. फलफूल विरुवा लगाउँदा प्राविधिक दृष्टिकोणले उपयुक्त क्षेत्र तथा बाली अनुसार कायम हुन सक्ने भौगोलिक अवस्था हुनुपर्ने,<br>६. गत आर्थिक वर्षमा लाभान्वित भएका कृषकको मागलाई कम प्राथमिकता दिनुपर्ने ।<br>७. कार्यक्रम पहिचानका लागि अनुसूची-८ बमोजिमको सायन बोर्ड राख्नुपर्ने ।<br>८. पुरानो बगैँचा व्यवस्थापनका लागि कागती, मौसम, अनार वा सुन्तला उत्पादनमा समूह/सहकारी भए कम्तीमा २० रोपनी वा ५०० बोट, व्यक्ति भए १ रोपनी वा प्रति कृषक २५ बोट हुनुपर्ने,<br>९. लिची, आँप वा रुखकटहर उत्पादनमा समूह/सहकारी भए कम्तीमा २० रोपनी वा १०० बोट, व्यक्ति भए १ रोपनी प्रति कृषक वा १० बोट भुईकटहर समूह/सहकारी भए कम्तीमा ५००० वटा व्यक्ति भए २५० वटा बोट हुनुपर्ने ।<br>१०. केरा उत्पादनमा समूह/सहकारी भए २००० बोट, व्यक्ति भए प्रति कृषक ५० बोट हुनुपर्ने |
| अनुदान/ऋण शर्त | उल्लेखित क्रियाकलापहरु सञ्चालन गर्नको लागि लागत अनुमानको ५०% देखि ७५% अनुदान उपलब्ध गराउन सकिनेछ |
| कार्यक्रम सञ्चालन विधि | १. सूचना प्रकाशन र अनुसूची-२ को ढाँचामा प्रस्ताव सङ्कलन,<br>२. फिल्ड निरीक्षण र प्रस्ताव मुल्याङ्कन, प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट,<br>३. प्रस्ताव स्वीकृति, सम्झौता र कार्यादेश,<br>४. सम्झौता भएपछी लाभग्राहीले सामग्री खरिद गरी सक्कल बिल सहित भुक्तानी माग,<br>५. स्थलगत अनुगमन तथा प्रतिवेदन,<br>६.कृषि विकास शाखाको सिफारिस बमोजिम कृषक/कृषि संस्थाहरुलाई भुक्तानी ।<br>७. सार्वजनिक सुनुवाई अनिवार्य गर्नु पर्नेछ ।<br>८. खरिद तथा वितरण सम्बन्धी कार्यहरू आधारभुत स्पेसिफिकेशन, कार्यक्रम प्रस्ताव तथा ल.ई. तयार गरी अनुदान बापतको रकम भुक्तानी गरिनेछ ।<br>९. खरिद प्रकिया प्रचलित खरिद ऐन २०६३ र नियामावली २०६४ वमोजिम उपलब्ध गराउन सक्नेछ । |
| **कार्यक्रम** | **सामूहिक खेतीका लागि चक्लावन्दी (समूह / सहकारीले गर्न सक्ने)** |
| परिचय | कृषि उपज उत्पादन, सेवा प्रवाह लगायतका कृषिजन्य क्रियाकलाप सामूहिक रुपमा हुने, जमिनको क्षेत्रफल र लगानीको आधारमा साझेदार संस्था स्वयंले तयार गरी स्वीकृत गरेको विधान अनुसार प्रतिफल बाँडफाँड गर्ने गरी कृषि |

| | |
|---|---|
| | सहकारी, कृषक समूह/समिति र निजी क्षेत्रको साझेदारीमा सामूहिक खेती कार्यक्रम गर्न सकिने। |
| उद्देश्य | १. खेती गरिने जमिनलाई एकीकृत वा चक्लाबन्दी गरी आधुनिक र व्यवसायिक कृषिको प्रवर्द्धन गर्ने।<br>२. साना तथा सिमान्तकृत कृषकहरुको आयस्रोत तथा जीवनस्तर अभिवृद्धि गर्ने,<br>३. स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने<br>४. बृहत् कृषि उत्पादनका लागि विशिष्टीकृत क्षेत्रहरु निर्माण गर्ने। |
| गर्न सकिने क्रियाकलापहरू | १. जमिन सम्याई चक्लाबन्दी गर्ने,<br>२. सामाजिक परिचालन, संस्था निर्माण र सशक्तिकरण बारे तालिम, गोष्ठी सञ्चालन गर्ने,<br>३. कार्यविधि र कार्यक्रम बारे अभिमुखीकरण संचालन गर्ने,<br>४. आवश्यक पर्ने उत्पादन सामग्रीहरुको बिउ बिजन, बिरुवा मल, विषादी, मौरी घार लगायतका मात्रा तथा गुणस्तर पहिचान गरी सो को आपूर्ति गर्ने,<br>५. साना पूर्वाधारहरुको (जमिन चक्लाबन्दी गर्ने, जमिन सम्याउने, साना सिचाइ, साना कृषि सडक, संकलन केन्द्र, मल,बिउ,विषादी, औजार उपकरण, विक्रि कक्ष, थोक तथा खुद्रा / हाट बजार निर्माण, प्याकिङ हाउस लगायत) निर्माण तथा मर्मत सम्भार गर्ने,<br>६. कृषि यान्त्रिकरणका लागि यन्त्र उपकरण उपलब्ध गराउने,<br>७. कृषि उपजहरुको सुरक्षित भण्डारणको प्रबन्ध मिलाउने,<br>८. कृषि उपजको उचित मुल्य र बजारको सहज पहुँचको व्यवस्था मिलाउने,<br>९. कृषि उपजको उचित व्यवस्थापन गर्नको लागि गोदाम सेवा ( storage facilities) सञ्चालन गर्न सकिनेछ,<br>१०. सामूहिक खेती सञ्चालनमा सहभागी कृषकहरुको लाभ र निर्वाहको उचित व्यवस्था गर्ने,<br>११. स्वीकृत वार्षिक कार्यक्रम अनुसार अन्य प्रवर्धनात्मक र उत्पादनमूलक क्रियाकलाप सञ्चालन गर्ने। |
| न्यूनतम मापदण्ड | १. साझेदार संस्थाले कम्तिमा १ विघा जमिनमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ र त्यसका लागी नियमानुसार प्रमाण पुर्याउनु पर्नेछ।<br>२. साझेदार संस्थामा आवद्ध हुने सदस्यको न्यूनतम १ कट्ठा वा १ रोपनी बराबरको एक सेयर कायम गर्ने र सोही अनुसार प्रतिफल बाँडफाँड गर्नु पर्नेछ।<br>३. निवेदक प्रचलित कानून बमोजिम साझेदार संस्था दर्ता भएको हुनुपर्नेछ।<br>४. निवेदकले कानून अनुसार पुरा गर्नु पर्ने दायित्वहरू जस्तै लेखापरिक्षण, करचुक्ता नविकरण पुरा गरेको हुनुपर्नेछ। यस आ.व.मा दर्ता भएकाको हकमा लागू हुने छैन।<br>५. आवेदकले सामूहिक खेती कार्यान्वयनका लागि उक्त क्षेत्रमा सामूहिक खेती व्यवस्थापन समिति गठन गर्नु पर्नेछ। उक्त समितिले सम्झौतामा उल्लेख भए बमोजिमको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने, आवद्ध कृषक घरधुरीलाई सामूहिक खेती संचालनका लागि परिवार, नियमन, अनुगमन, समन्वय, प्रतिवेदन लगायत कार्य गर्नुपर्ने।<br>६. खण्ड (ग) वमोजिमको समितिको गठन तथा कार्य संचालन विधि समिति आफैले निर्धारण गर्न सकिनेछ। |
| अनुदान/ऋण शर्त | ५० प्रतिशत लागत साझेदारीमा अनुदान उपलब्ध गराउन सक्नेछ। |
| कार्यक्रम सञ्चालन विधि | १. सूचना प्रकाशन र अनुसूची-२ को ढाँचामा प्रस्ताव सङ्कलन,<br>२। प्रस्ताव मुल्याङ्कन तथा प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट,<br>३. प्रस्ताव स्वीकृति, सम्झौता र कार्यादेश,<br>४. सम्झौता भएपछी लाभग्राहीले सम्झौता अनुरुप कार्य सञ्चालन गरी सक्कल बिल सहित भुक्तानी माग,<br>५. स्थलगत अनुगमन तथा प्रतिवेदन।<br>७. खरिद तथा वितरण सम्बन्धी कार्यहरू आधारभुत स्पेसिफिकेशन, कार्यक्रम प्रस्ताव तथा ल.ई. तयार गरी अनुदान बापतको रकम खरिद तथा वितरण सम्बन्धी कार्यहरू आधारभुत स्पेसिफिकेशन, कार्यक्रम प्रस्ताव तथा ल.ई. तयार गरी |

| | |
|---|---|
| | अनुदान बापतको रकम भुक्तानी गरिनेछ।<br>८. सार्वजनिक सुनुवाई अनिवार्य गर्नु पर्नेछ।<br>९. प्रचलित खरिद ऐन २०६३ र नियामावली २०६४ वमोजिम उपलब्ध गराउन सक्नेछ। |
| **कार्यक्रम** | **औद्योगिक बाली प्रबर्द्धन(चिया,कफी)** |
| परिचय | साकेला गाउँपालिका भौगोलिक विविधता र कृषिको सम्भाव्यता ध्यानमा राख्दै किसानहरुको आर्थिक अवस्था सुधार गर्नुका साथै कृषि क्षेत्रलाई आधुनिकिकरण गर्नु। |
| उद्देश्य | (१) कफीको क्षेत्रफल र उत्पादन वृद्धि गरी उद्यमशिलता र रोजगारी बढाउने।<br>(२) व्यवसायीक कफी खेतीको विस्तारलाई प्रवर्द्धन गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने।<br>३) वातावरणीय सन्तुलन कायम गर्ने। |
| गर्न सकिने क्रियाकलापहरू | १. चिया, कफी, अलैची,वेसार,अदुवाको पहिचान गरी तिनको खेति विस्तार गरीने।<br>२ .गुणस्तरीय वीउ,विजन तथा विरुवा वितरण कार्यक्रममा अनुदान।<br>३. तालिम र प्राविधिक सहयोग।<br>४. आवश्यक पर्ने छहारी विरुवाहरु पनि उपलब्ध गराउन सकिने।<br>४. कृषि यान्त्रीकरण सहयोग कार्यक्रम।<br>५. क्षेत्र विस्तार सम्बन्धि आवश्यक कृयाकलाप गर्न सकिनेछ। |
| न्यूनतम मापदण्ड | • उत्पादन समूह/सहकारी भए कम्तीमा २० रोपनी, व्यक्ति भए अधा रोपनी वा प्रति कृषक ५० बोट<br>• समुह/सहकारी/ फर्म दर्ता भएको हुनुपर्नेछ। |
| अनुदान शर्त | १. अनुदान कार्यक्रम ७५% मा सहयोग गरिनेछ। |
| कार्यक्रम सञ्चालन विधि | १. सूचना प्रकाशन र अनुसूची-२ को ढाँचामा प्रस्ताव सङ्कलन,<br>२. प्रस्ताव मुल्याङ्कन तथा प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट,<br>३. प्रस्ताव स्वीकृति, सम्झौता र कार्यादेश,<br>५. सम्झौता भएपछी लाभग्राहीले सम्झौता अनुरुप कार्य सञ्चालन गरी सक्कल बिल सहित भुक्तानी माग,<br>६. स्थलगत अनुगमन तथा प्रतिवेदन।<br>७. खरिद तथा वितरण सम्बन्धी कार्यहरू आधारभुत स्पेसिफिकेशन, कार्यक्रम प्रस्ताव तथा ल.ई. तयार गरी अनुदान बापतको रकम भुक्तानी गरिनेछ।<br>८. खरिद प्रकृया प्रचलित खरिद ऐन २०६३ र नियामावली २०६४ वमोजिम उपलब्ध गराउन सक्नेछ। |
| **कार्यक्रम** | **मसला बाली प्रबर्द्धन (अलैँची/ अदुवा/ वेसार/ लसुन/ प्याज/टिमुर)** |
| परिचय | नेपालको कृषि क्षेत्रमा मसला वालीको उतपादन वृद्धि गर्ने र कृषकको आय स्रोत बाढाउने उद्देश्यका साथ कार्यक्रम संचालन गर्न सकिनेछ। |
| उद्देश्य | १. मसला वालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।<br>२.रोजगारी सिर्जना गर्ने।<br>३. जैविक र गुणस्तरिय मसला वाली उत्पादन गर्ने। |
| गर्न सकिने क्रियाकलापहरू | १.वेर्ना,वीउ विजन खरिद तथा वितरण कार्यक्रम गर्ने सकिनेछ।<br>२.प्रविधि विस्तार तथा तालिम कार्यक्रम संचालन गर्न सकिनेछ। |

साकेला गाउँपालिका गाउँपालिकाको कार्यालय मानेभञ्ज्याङ, खोटाङ, कोशी प्रदेश नेपाल स्था. २०७३

रवि प्रकाश राई गाउँपालिका अध्यक्ष

| | |
|---|---|
| | ३.प्रदर्शनी र नमुना खेति कार्यक्रम संचालन गर्न सकिनेछ ।<br>४.भण्डारण र प्रशोधन कार्यक्रम गर्न सकिनेछ ।<br>५. क्षेत्र विस्तार सम्बन्धि आवश्यक कृयाकलाप गर्न सकिनेछ । |
| न्यूनतम मापदण्ड | अदुवा, बेसार उत्पादनमा समूह/सहकारी भए कम्तीमा २० रोपनी, व्यक्ति भए ५ रोपनी र अदुवा,बेसार बार्षिक ५ क्विन्टल बिक्रि गर्न सक्ने । |
| अनुदान शर्त | कार्यक्रममा ७५% अनुदान सहयोग गर्न सकिनेछ । |
| कार्यक्रम सञ्चालन विधि | १. सूचना प्रकाशन र अनुसूची-२ को ढाँचामा प्रस्ताव सङ्कलन,<br>२. प्रस्ताव मुल्याङ्कन तथा प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट,<br>३. प्रस्ताव स्वीकृति, सम्झौता र कार्यादेश,<br>५. सम्झौता भएपछी लाभग्राहीले सम्झौता अनुरुप कार्य सञ्चालन गरी सक्कल बिल सहित भुक्तानी माग,<br>६. स्थलगत अनुगमन तथा प्रतिवेदन । खरिद तथा वितरण सम्बन्धी कार्यहरू आधारभुत स्पेसिफिकेशन, कार्यक्रम प्रस्ताव तथा ल.ई. तयार गरी अनुदान बापतको रकम भुक्तानी गरिनेछ ।<br>७. सार्वजनिक सुनुवाई अनिवार्य गर्नु पर्नेछ ।<br>८. खरिद प्रकृया प्रचलित खरिद ऐन २०६३ र नियामावली २०६४ वमोजिम उपलब्ध गराउन सक्नेछ । |
| **कार्यक्रम** | **रैथाने बाली प्रवर्द्धन** |
| परिचय | स्थानीय खाद्य तथा पोषण सुरक्षाको स्थितिमा सुधार गर्न तथा प्रमुख खाद्यान्नको तिव्र दरमा भई रहेको आयात न्यूनिकरण गरी प्रमुख खाद्यान्नमा आत्मनिर्भता तर्फ अघि बढ्न रैथाने खाद्यान बालीहरूको उत्पादन एवं उत्पादकत्व वृद्धि र मूल्य श्रृंखला विकासमा सहयोग पुर्याउन रैथाने बाली अन्तर्गत कोदो, कागुनो, फापर, चिनो, उवा लगायतका बालीहरुलाई प्राथमिकतामा राखि यो कार्यक्रम सञ्चालन गरिने छ । स्थान विशेषको सम्भाव्यता र विद्यमान लोकप्रियताको आधारमा अन्य रैथाने बालीहरु धान,मकै,दलहन वाली,फलफूल,तरकारी आदिका स्थानिय जातहरुलाई पनि कार्यक्रममा समावेश गर्न सकिनेछ । |
| उद्देश्य | १. खेती गरिने जमिनलाई एकीकृत वा चक्लाबन्दी गरी आधुनिक र व्यवसायिक कृषिको प्रवर्धन गर्ने ।<br>२. रैथाने बालीको उत्पादन वृद्धि तथा बजार प्रवर्द्धन गरि कृषकहरुको आयस्तरमा वृद्धि गराउने ।<br>३. रैथाने बालीहरुको संरक्षण मार्फत जातिय विकास र जैविक विविधता संरक्षणमा टेवा पुर्याउने । |
| गर्न सकिने क्रियाकलापहरू | **१. रैथाने बालीको बीउ किट वितरणः**<br>**२. रैथाने बालीको महत्वबारे सचेतना एवं प्रचार प्रसारका लागि एफ.एम./रेडियो मार्फत सूचना प्रवाहः**<br>**३. सचेतना तालिम आयोजनाः**<br>**४. विद्यालय दिवा खाजा कार्यक्रमः** रैथाने वालीको महत्व र खेति प्रविधि एवम परिकारबारे विद्यार्थीहरुलाई जानकारी गराउन तथा विद्यालयको दिवा खाजा कार्यक्रममा रैथाने उपजको परिकार बनाउनको लागि एवम मोडालिटी तयार गरी सम्झौता गरी आर्थिक तथा प्राविधिक सहयोग गर्ने गरी सञ्चालन गर्न सकिनेछ ।<br>**५. रैथाने बाली उत्पादन प्रोत्साहन अनुदानः** रैथाने वालीको प्रतिस्पर्धातामक क्षमता बढाउन उत्पादन लागत कम गरि खेति विस्तार गर्न कृषकलाई उत्पादनको आधारमा प्रति किलो बढीमा २५ रुपैयाँ प्रोत्साहन वापत उपलब्ध गराउन सकिनेछ<br>**६. क्षेत्र विस्तार प्रोत्साहन अनुदानः** प्रति रोपनी ८०० का दरले प्रोत्साहन अनुदान दिन सकिनेछ । |
| न्यूनतम मापदण्ड | १. बीउ किट (१ के.जी. प्रति किट) निःशुल्क वितरण गर्न सकिने छ ।<br>२. तालिमका लागि स्थानीय तहका रैथाने खेती गर्ने कृषक छनौट गरी एक दिने तालिमको विषयवस्तु तयार गरी १५-२५ जना सहभागीलाई तालिम दिन सकिनेछ । |

| | |
|---|---|
| | ३. विद्यालय दिवा खाजा अन्तर्गत सामुदायीक विद्यालयसँग सम्झौता गरी दैनिक खाजाको रु.१५ मा थप हुने गरी रैथाने बालीको परिकार खुवाउनु पर्नेछ ।<br>४. कम्तिमा ५ कठ्ठा क्लस्टर क्षेत्रफलमा रैथाने खेती गर्ने कृषक, कृषि समूह तथा सहकारीलाई उत्पादनको आधारमा प्रति किलो उत्पादनको लागि बढिमा रु. १० प्रोत्साहन बापत उपलब्ध गराउन सकिनेछ । |
| अनुदान शर्त | वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अनुसार । |
| कार्यक्रम सञ्चालन विधि | १. सूचना प्रकाशन र अनुसूची-२ को ढाँचामा प्रस्ताव सङ्कलन,<br>२. प्रस्ताव मुल्याङ्कन तथा प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट,<br>३. प्रस्ताव स्वीकृति, सम्झौता र कार्यादेश,<br>४. सम्झौता भएपछी लाभग्राहीले सम्झौता अनुरुप कार्य सञ्चालन गरी सक्कल बिल सहित भुक्तानी माग,<br>५. सार्वजनिक सुनुवाई अनिवार्य गर्नु पर्नेछ ।<br>१. स्थलगत अनुगमन तथा प्रतिवेदन । खरिद तथा वितरण सम्बन्धी कार्यहरू आधारभुत स्पेसिफिकेशन, कार्यक्रम प्रस्ताव तथा ल.ई. तयार गरी अनुदान बापतको रकम प्रचलित खरिद ऐन २०६३ र नियामावली २०६४ वमोजिम उपलब्ध गराउन सक्नेछ<br>२. कृषि शाखाद्वारा सामग्री खरिद कार्य गर्नुपरेमा कार्यक्रम प्रस्ताव, आधारभूत स्पेसिफिकेशन र ल.ई. तयार गरी प्रचलित खरिद कानून बमोजिम खरिद तथा वितरण हुने । |
| **कार्यक्रम** | **पुष्प व्यवसाय प्रर्वद्धन** |
| परिचय | व्यवसायिक फूल खेतीको प्रवर्द्धनका लागि गुणस्तरिय पुष्प उत्पादन तथा फूलको विरुवा उत्पादनका लागि पालिका स्तरीय पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ । |
| उद्देश्य | १. विभिन्न फूलका गुणस्तरीय गुच्छा तथा विरुवा उत्पादन गर्ने ।<br>२. आयातलाई कम गरी फूलमा आत्मनिर्भर हुने । |
| गर्न सकिने कृयाकलापहरु | १. प्लाष्टिक घर तथा सेड हाउस निर्माण,<br>२. सिंचाईका लागि डेलिभरी पाईप खरिद,<br>३. बिउबिजन तथा बेर्ना खरिद,<br>४. कृषि औजार उपकरण (सिकेचर, बडिङ् नाईफ, प्रुनर, मल्चिङ प्लाष्टिक आदि) खरिद,<br>५. प्राङ्गारिक तथा रासायानिक मल खरिद,<br>६. जमिन तयारी तथा गोडमेलमा श्रमको व्यवस्था साथै सामग्री ढुवानी, |
| न्यूनतम मापदण्ड | १. साकेला गाँउपालिका मातहतका कृषक, कृषक समूह, कृषि सहकारी संस्था र कृषि फर्म हुनुपर्ने,<br>२. कृषक समूह, कृषि सहकारी संस्था र कृषि फर्म दर्ता भएको हुनुपर्ने,<br>३. खेती गरिने पुष्पको जात बजारको माग बमोजिम हुनुपर्ने,<br>४. जग्गा भाडामा लिएको भए कम्तीमा ५ वर्षको करार सम्झौता हुनुपर्ने,<br>५. बाझो रहेको खेतियोग्य जग्गालाई प्राथमिकता दिईने,<br>६. व्यवसायीक पुष्प उत्पादनको लागि कम्तिमा ४ कठ्ठा क्षेत्रफल हुनुपर्ने तर पुष्प विरुवाको नर्सरी उत्पादनको हकमा कम्तीमा २ कठ्ठा क्षेत्रफल हुनुपर्ने,<br>७. गत आर्थिक वर्षमा लाभान्वित भएका कृषकको मागलाई कम प्राथमिकता दिनुपर्ने,<br>८. कार्यक्रम पहिचानका लागि अनुसूची-८ बमोजिमको सायन बोर्ड राख्नुपर्ने । |
| अनुदान शर्त | उल्लेखित क्रियाकलापहरु सञ्चालन गर्नको लागि ५०% अनुदानमा आवश्यक रकम उपलब्ध गराउन सकिनेछ । |
| कार्यक्रम सञ्चालन विधि | १. सूचना प्रकाशन र अनुसूची-२ को ढाँचामा प्रस्ताव सङ्कलन,<br>२. फिल्ड निरीक्षण र प्रस्ताव मुल्याङ्कन, प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट, |

रवि प्रकाश राई
गाउंपालिका अध्यक्ष

| | |
|---|---|
| | ३. प्रस्ताव स्वीकृति, सम्झौता र कार्यादेश,<br>४. सम्झौता भएपछी लाभग्राहीले सामग्री खरिद गरी सक्कल बिल सहित भुक्तानी माग,<br>५. स्थलगत अनुगमन तथा प्रतिवेदन,<br>६. कृषि विकास शाखाको सिफारिस बमोजिम कृषक/कृषि संस्थाहरुलाई भुक्तानी । खरिद तथा वितरण सम्बन्धी कार्यहरू आधारभुत स्पेसिफिकेशन, कार्यक्रम प्रस्ताव तथा ल.ई. तयार गरी अनुदान बापतको रकम भुक्तानी गरिनेछ ।<br>७. प्रचलित खरिद ऐन २०६३ र नियामावली २०६४ वमोजिम उपलब्ध गराउन सक्नेछ । |
| **कार्यक्रम** | **उत्कृष्ट कृषक पुरस्कार** |
| परिचय | कृषि पेशामा संलग्न भएका ब्यवसायिक र अर्ध व्यवसायिक कृषकहरुलाई थप प्रोत्साहन गरी कृषि पेशालाइ सम्मानित र व्यवसायिक बनाउनु पर्ने पर्ने आवश्यकता छ । यसै परिपेक्षमा साकेला गाउँपालिकाले कृषि ब्यवसाय (कृषि तथा पशुपालन) मा विगत देखी उत्कृष्ट रुपमा कार्य संचालन गरिरहेका व्यवसियक कृषकहरुलाई प्रोत्साहन गर्न गाउँसभाबाट वार्षिक कार्यक्रममा स्वीकृत भएपश्चात गाउँपालिका स्तरिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सञ्चालन गरिनेछ । |
| उद्देश्य | १. कृषकको योगदानलाइ सम्मान गरी कृषि पेशालाई सम्मानजनक आकर्षक एवं सम्मानित पेशाको रुपमा स्थापित गर्न सहयोग पुर्याउने ।<br>२. कृषक समुदायमा स्वस्थ्य प्रतिस्पर्धाको भावना विकास गरी कृषि पेशालाई व्यवसायिक बनाउन सहयोग पुर्याउने ।<br>३. शिक्षित युवा लाइ कृषि पेशा तर्फ आकर्षित गर्न सहयोग पुर्याउन । |
| गर्न सकिने क्रियाकलापहरू | १. विधागत उत्कृष्ट कृषक (खाध्यन्न बाली, तरकारी बाली, फलफुल, मौरी/च्याउ र पशुपालन/माछापालन) र उत्कृष्ट कृषक गरी जम्मा ६ जना कृषकलाई प्रत्येक पाँच वर्षमा पुरस्कृत गरिने छ । |
| न्यूनतम मापदण्ड | १. वडा कार्यालयबाट सिफारिस भएर आएका उत्कृष्ट कृषकहरु मध्ये बाट अनुसूची-१० मा भएका बाली तथा पशुपंछीलाई आधार मानेर आर्थिक विकास समितिले छनौट गर्ने ।<br>२. वडाबाट सिफारिस भएर आएका उत्कृष्ट कृषकहरुलाई मुल्यांकन तथा छनौट समितिले पुन अनुगमन गरी उत्कृष्ट देखिएका कृषकहरुलाइ छनौट गर्नु पर्ने ।<br>३. कृषि तर्फबाट ५ वटा विधा (खाध्यन्न बाली, तरकारी बाली, फलफुल, मौरी/च्याउ र पशुपालन/माछापालन र १ वटा समग्र विधा गरी प्रतेक दुई आ.व. मा ६ जना कृषक लाई पुरस्कृत गर्नको लागि छनौट गर्ने ।<br>४. एउटै व्यवसायिक कृषकले वाली तथा पशुपंछी पालन गरी दुइवटै क्षेत्रमा उत्कृष्ट देखिएमा एउटा पक्षलाई मात्र समितिले छनौट गर्ने ।<br>५. छनौट भएका कृषकहरु सम्बन्धी कुनै असन्तुष्ट पक्षले उजुर गरेमा त्यसको अन्तिम निर्णय साकेला गाँउपालिकामा रहेको मुल्यांकन तथा छनौट समितिले तथ्यगत निर्णय गर्ने छ । |
| अनुदान शर्त | १. विधागत गाउँपालिका स्तरिय उत्कृष्ट कृषक ५ जनालाई रु. २५,०००।-<br>२. समग्र विधाबाट उत्कृष्ट कृषक १ जनालाई रु. ३५,००० ।- |
| कार्यक्रम सञ्चालन विधि | १. साकेला गाँउपालिका को कार्यक्षेत्र भित्र ब्यवसायिक रुपमा उत्कृष्ट कृषकहरु (कृषि तथा पशुपालन) छनौट गर्नको लागि ५ वटै वडा कार्यालयमा पत्राचार गरी आ-आफ्नो वडा भित्र व्यवसायिक (उत्कृष्ट) रुपमा कृषि व्यवसाय संचालन गर्ने कृषकहरुको नामावली गाउँपालिकामा पठाउन प्रत्येक वर्षको जेष्ठ मसान्त भित्र वडा कार्यालयबाट प्राथमिकता निर्धारण गरी नामावली गाउँपालिकामा पठाउन पत्राचार गरिने छ ।<br>२. वडाबाट सिफारिस भई आएको कृषकहरुको नामावली माथि गाउँपालिकामा व्यवस्था भएको मुल्यांकन तथा छनौट समितिद्वारा ५ वेर्षसम्म व्यवसायिक खेतिमा लागेका कृषकको अन्तिम नामावली प्रकाशन गरिनेछ ।<br>३. कृषक पुरस्कार उत्कृष्ट कृषक र विधागत उत्कृष्ट कृषक गरी दुईवटा विधामा प्रदान गरिने छ ।<br>४. आवेदक कृषकले अनुसूची-११ बमोजिमको ढाँचामा व्यक्तिगत विवरण भरी पेश गर्नुपर्नेछ ।<br>५.मुल्याङ्कन समितिले अनुसूची-१२ बमोजिमको ढाँचामा अकं दिई उत्कृष्ट कृषक छनौट गर्नुपर्नेछ । |

रवि प्रकाश राई
गाउँपालिका अध्यक्ष

| | |
|---|---|
| | ६. गाउँपालिकाबाट समग्र विधाबाट उत्कृष्ट कृषक गाउँपालिका अध्यक्षद्वारा पुरस्कृत हुनेछन् । |
| **कार्यक्रम** | **जैविक तथा वानस्पतिक विषादी प्रयोग सचेतना** |
| परिचय | जैविक तथा वानस्पतिक विषादि प्रयोग सचेतना कार्यक्रम मानिसहरुलाई हानिकरक रसायनिक पदार्थको प्रयोगबाट टाढा राख्दै प्राकृतिक र जैविक विकल्पहरुको महत्वबारे जानकारी गराउनु हो । |
| उद्देश्य | १. जैविक उत्पादनको प्रवर्धन गर्ने ।<br>२. स्वास्थ्य सुरक्षा तथा वातावरण संरक्षण सम्बन्धि सचेतनामुलक कार्यक्रम गर्ने । |
| गर्न सकिने क्रियाकलापहरू | १. कार्यशाला गोष्ठी,तालिम संचालन गर्न सकिनेछ।<br>२. सचेतनामुलक सामाग्री वितरण तथा प्रचार-प्रसार गर्न सकिनेछ ।<br>३.विद्यालय स्तरमा जैविक तथा वानस्पतिक विषादि सम्बन्धि सचेतनामुलक कार्यक्रम गर्ने । |
| न्यूनतम मापदण्ड | १.प्रशिक्षक व्यवस्थापन गर्न सकिनेछ ।<br>२. स्रोत साधनको व्यवस्थापन गर्न सकिनेछ (जैविक विषादि,प्राङगारिक,मल,जिवाणुमल,आदि<br>३. सहभगिताःजैविक र वानस्पतिक उत्पादनबारे सिक्न ईच्छुक व्यक्ति हुनुपर्ने ।<br>४.रसायनिक मल र विषादिको प्रयोग नगर्ने प्रतिवद्दता गर्नुपर्नेछ । |
| अनुदान शर्त | १.जैविक तथा वानस्पतिक विषादि सम्बन्धि कार्यक्रममा ७५% अनुदानमा सहयोग गर्न सकिनेछ ।<br>२.प्राङगारिक,जैविक तथा भर्मी कम्पोस्ट मल प्रवर्धन कार्यक्रममा ७५% अनुदानमा सहयोग गर्न सकिनेछ ।<br>३. आवश्यक सामाग्रीहरुमा ७५% अनुदान सहयोग गर्न सकिनेछ |
| कार्यक्रम सञ्चालन विधि | १. सूचना प्रकाशन र अनुसूची-२ को ढाँचामा प्रस्ताव सङ्कलन,<br>२. फिल्ड निरीक्षण र प्रस्ताव मुल्याङ्कन, प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट,<br>३. प्रस्ताव स्वीकृति, सम्झौता र कार्यादेश,<br>४. सम्झौता भएपछी लाभग्राहीले सामग्री खरिद गरी सक्कल बिल सहित भुक्तानी माग,<br>५. स्थलगत अनुगमन तथा प्रतिवेदन,कृषि विकास शाखाको सिफारिस बमोजिम कृषक/कृषि संस्थाहरुलाई भुक्तानी ।<br>६. खरिद तथा वितरण सम्बन्धी कार्यहरू आधारभुत स्पेसिफिकेशन, कार्यक्रम प्रस्ताव तथा ल.ई. तयार गरी अनुदान बापतको रकम प्रचलित खरिद ऐन २०६३ र नियामावली २०६४ वमोजिम उपलब्ध गराउन सक्नेछ । |
| **कार्यक्रम** | **कृषकहरुको क्षमता अभिवृद्धि** |
| परिचय | कृषकहरुलाई संगठित गरी उनिरहरुको सामुहिक क्षमताको विकास गर्नुका साथै ज्ञान,सिप,धारणा र स्रोत साधनहरुको आदान प्रदान गर्न प्रोत्साहित गर्छ जस्ले गर्दा कृषि उत्पादनमा वृद्धि गर्न, बजारीकरण सुधार गर्न मद्धत पुग्दछ । |
| उद्देश्य | १.नेतृत्व विकास गर्ने ।<br>२. प्राविधिक ज्ञानको विस्तार गर्ने ।<br>३.संस्थागत विकास गर्ने । |
| गर्न सकिने क्रियाकलापहरू | १.तालिम, गोष्ठी संचालन गर्न सकिनेछ ।<br>२.प्रदर्शन र भ्रमण अवलोकन गराउन सकिनेछ ।<br>३.सुचना तथा जानकारीमुलक कार्यक्रम गर्न सकिनेछ । |
| न्यूनतम मापदण्ड | १.समुह/सहकारी/फर्म दर्ता भएको हुनुपर्नेछ ।<br>२.नियमित वचत तथा ऋण परिचालन गरेको हुनुपर्नेछ । |

| | |
|---|---|
| | ३.व्यवसायिक खेति गरिरहेको समुह/सहकारीलाई प्राथमिकता दिईनेछ। |
| अनुदान शर्त | साकेला गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार अनुदानमा संचालन गर्न सकिनेछ। |
| कार्यक्रम सञ्चालन विधि | १.प्रशिक्षक व्यवस्थापन गर्ने।<br>२. सहभागी व्यवस्थापन गर्ने।<br>३.तालिममा आवश्यक सामाग्री व्यवस्थापन गर्ने।<br>४.खाना/खाजाको व्यवस्थापन गर्ने। |
| **कार्यक्रम** | **मागका आधारमा कृषकका लागि यन्त्र, औजार- उपकरण वितरण** |
| परिचय | मागमा आधारित कृषि औजार तथा उपकरण वितरण कार्यक्रम कृषकहरूको आवश्यकता र मागलाई एउटा महत्वपुर्ण पहल हो ।यसले कृषकहरुलाई कृषि उत्पादन बढाउन आवश्यक पर्ने आधुनिक औजार तथा उपकरणहरु सहुलियत मूल्यमा उपलब्ध गराईन्छ। |
| उद्देश्य | १. कृषिमा यान्त्रीकरणको प्रवर्धन गर्ने।<br>२.कृषकहरुको उत्पादन लागत घटाउने र उत्पादकत्व वृद्धि गर्ने।<br>३.कृषकहरुलाई आधुनिक प्रविधि सँग जोड्ने। |
| गर्न सकिने क्रियाकलापहरू | १. कृषि तथा पशुपंक्षी सम्वन्धी यन्त्र उपकरणहरु जस्तैः मिनिटिलर (हाते ट्रयाक्टर),थ्रेसर मेसिन,प्लास्टिक टनेल,साना कृषि औजार,डिपिङ ट्याङक्,तौलने मेसिन,घाँस काट्ने मेसिन तथा डेरीसँग सम्बन्धित सामाग्रीहरु वितरण गर्न सकिनेछ। |
| न्यूनतम मापदण्ड | लक्षित वर्ग पहिचान गर्ने,आवेदन संकलन गर्ने,छनौट प्रक्रिया पुरा गर्ने। |
| अनुदान शर्त | १.मागका आधारमा आधुनिक औजार,यन्त्र र आवश्यक सामाग्रीहरू वितरण कार्यक्रम ७५% अनुदानमा सहयोग गर्न सकिनेछ। |
| कार्यक्रम सञ्चालन विधि | १.सूचना प्रकाशन गर्ने।<br>२.माग संकलन गर्ने।<br>३.छनौट गर्ने।<br>४.अनुदान वितरण गर्ने।<br>५. अनुगमन तथा मूल्याङकन गर्ने।<br>खरिद तथा वितरण सम्बन्धी कार्यहरू आधारभुत स्पेसिफिकेशन, कार्यक्रम प्रस्ताव तथा ल.ई. तयार गरी अनुदान बापतको रकम प्रचलित खरिद ऐन २०६३ र नियामावली २०६४ वमोजिम उपलब्ध गराउन सक्नेछ। |
| **कार्यक्रम** | **कृषकलाई मागका आधारमा विउ-विजन/ विरुवा वितरण** |
| परिचय | कृषि उत्पादन बढाउन तथा कृषकका आर्थिक अवस्था सुधार गर्न साकेला गाउँपालिकाले विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ । कृषकको आवश्यक्ता अनुसार गुणस्तरिय वीउ विजन तथा विरूवाहरू उचित मूल्यमा उपलब्ध गराउनु हो ,जसले गर्दा उत्पादनमा वृद्धि हुन सक्छ। |
| उद्देश्य | १. किसानको आवश्यक्ता पुरा गर्ने।<br>२.उत्पादन र उत्पादकत्व बढाउने।<br>३. आर्थिक अवस्थामा सुधार गर्ने |
| गर्न सकिने क्रियाकलापहरू | १. धान,गहुँ,मकै,मौसमी तथा वेमौसमी तरकारी,मसला वाली,कोसेवाली, फलफूल वालीका विरुवाहरु, पशु आहाराका उन्नत जातका वीउहरु र खरिद तथा वितरण कार्यक्रम संचालन गर्न सकिनेछ। |
| न्यूनतम मापदण्ड | १. वास्तविक किसानको पहिचान हुनुपर्नेछ। |

| | |
|---|---|
| | २.खेतियोग्य जमिन कम्तिमा ३ रोपनी भएको हुनुपर्नेछ ।<br>३.कृषक समुह/सहकारी/ फार्म दर्ता भएको हुनुपर्नेछ । |
| अनुदान शर्त | बिभिन्न वालीहरुका बिउ बिजन, बिरुवाहरु वितरण कार्यक्रम ७५% अनुदानमा सहयोग गर्न सक्नेछ । |
| कार्यक्रम सञ्चालन विधि | १.सूचना आव्हान गर्ने ।<br>२.माग संकलन गर्ने ।<br>३. छनौट गर्ने ।<br>४.खरिद तथा वितरण सम्बन्धी कार्यहरू आधारभुत स्पेसिफिकेशन, कार्यक्रम प्रस्ताव तथा ल.ई. तयार गरी अनुदान बापतको रकम प्रचलित खरिद ऐन २०६३ र नियामावली २०६४ वमोजिम उपलब्ध गराउन सक्नेछ ।<br>४. क्षेत्र विस्तार सम्बन्धि आवश्यक कृयाकलाप गर्न सकिनेछ । |
| **कार्यक्रम** | **मौरी पालन व्यवसाय प्रबर्द्धन** |
| परिचय | मह, मौरीजन्य उपजहरुको उत्पादन,मौरीपालन र मह प्रशोधनमा औजार उपकरणहरुको निर्माण र विक्रि वितरण मह र मौरीजन्य वस्तुहरुको प्रशोधन,गुणस्तर मापन,प्रमाणिकरण र विदेश निकासी गर्ने सम्मका गतिविधि सम्झनु पर्दछ । |
| उद्देश्य | यस कार्यविधिको उद्देश्य साकेला गाउँपालिकामा मौरीपालन व्यवसाय प्रवर्धन सम्बन्धी वार्षिक स्वीकृत कार्यक्रमहरुको व्यवस्थित,पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्ने रहेको छ । |
| गर्न सकिने क्रियाकलापहरू | १. मौरीगोला सहितका घार अनुदानमा वितरण गर्न सकिनेछ ।<br>२. मौरीपालन तथा प्रशोधन सम्बन्धि यन्त्र,उपकरणहरु अनुदानमा वितरण गर्न सकिनेछ ।<br>३.मौरीचरण क्षेत्र विस्तार गर्न आवश्यक र उचित बोटबिरुवा पनि वितरण गर्न सकिनेछ । |
| न्यूनतम मापदण्ड | १. साकेला गाँउपालिका मातहतका कृषक, कृषक समूह, कृषि सहकारी संस्था र कृषि फर्म हुनुपर्ने,<br>२. कृषक समूह, कृषि सहकारी संस्था र कृषि फर्म दर्ता भएको हुनुपर्ने,<br>३. पालन गरिने मौरीको जात उपयूक्त हावापानी र भुगोलमा सुहाउँदो हुनुपर्ने,<br>१.घर जग्गा भाडामा लिएको भए कम्तीमा ५ वर्षको करार सम्झौता हुनुपर्ने ।<br>२. मौरिको लागी प्रशस्त चरण क्षेत्र भएको हुनुपर्ने ।<br>३. व्यवसायिक मौरीपालन गरेका कृषक समुह,कृषि सहकारी,व्यवसायिक फर्म,लक्षित तथा बेरोजगार यूवाहरु,एकल महिलाहरु आदिलाई प्राथामिकता दिईने । |
| अनुदान शर्त | साकेला गाउँपालिकाबाट मौरीपालन सम्बन्धि कार्यक्रम ७५% अनुदानमा संचालन गर्न सकिनेछ । |
| कार्यक्रम सञ्चालन विधि | १. सूचना प्रकाशन र अनुसूची-२ को ढाँचामा प्रस्ताव सङ्कलन,<br>२. प्रस्ताव मुल्याङ्कन तथा प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट,<br>३. प्रस्ताव स्वीकृति, सम्झौता र कार्यादेश,<br>४. सम्झौता भएपछी लाभग्राहीले सम्झौता अनुरुप कार्य सञ्चालन गरी सक्कल बिल सहित भुक्तानी माग,<br>५. स्थलगत अनुगमन तथा प्रतिवेदन । खरिद तथा वितरण सम्बन्धी कार्यहरू आधारभुत स्पेसिफिकेशन, कार्यक्रम प्रस्ताव तथा ल.ई. तयार गरी अनुदान बापतको रकम प्रचलित खरिद ऐन २०६३ र नियामावली २०६४ वमोजिम उपलब्ध गराउन सक्नेछ।<br>६.कृषि शाखाद्वारा सामग्री खरिद कार्य गर्नुपरेमा कार्यक्रम प्रस्ताव, आधारभूत स्पेसिफिकेशन र ल.ई. तयार गरी प्रचलित खरिद कानून बमोजिम खरिद तथा वितरण हुने ।<br>७. सार्वजनिक सुनुवाई अनिवार्य गर्नु पर्नेछ । |
| **कार्यक्रम** | **कृषि बजार तथा संकलन केन्द्र निर्माण तथा संचालन** |
| परिचय | साकेला गाउँपालिकामा कृषि उत्पादनको बजारीकरणमा सुधार ल्याउन र किसानहरुलाई उचित मूल्य सुनिश्चित गर्न कृषि बजार तथा संकलन केन्द्रको स्थापना र संचालन गर्न आवश्यक भएकोले यो कार्यविधि तयार गरिएको छ । |

| | |
|---|---|
| उद्देश्य | १. कृषि उत्पादनहरुको संकलण,भण्डारण र बजारीकरणमा सहयोग पुर्याउने।<br>२.किसानलाई उचित मूल्य र बजारको पहुँच उपलब्ध गराउने।<br>३. साकेला गाउँपालिका भित्रको कृषि तथा पशुपंक्षी उत्पादनलाई प्रोत्साहन दिने।<br>४. वधशाल निर्माण गर्ने।<br>४.रोजगारीका अवसर सिर्जना गर्ने। |
| गर्न सकिने क्रियाकलापहरू | १.संकलन केन्द्र निर्माण गर्न सकिनेछ।<br>२.किसानहरुलाई उत्पादित वस्तुहरु बजारसम्म पुर्याउन कृषि एम्बुलेन्सबाट सहुलियतमा सहयोग गर्न सकिनेछ।<br>३.स्थानिय कृषि बजार निर्माण तथा सुधार गर्न सकिनेछ।<br>४.सहुलियतमा ऋण उपलब्ध बनाउन सकिनेछ।<br>५.कृषि तथा पशुपंक्षीबाट उत्पादित वस्तुहरुको न्यूनतम समर्थन मूल्य तोक्न सकिनेछ।<br>६.आवश्यक सामाग्रीहरु व्यवस्थापन गर्न सकिनेछ।<br>७. सार्वजनिक सुनुवाई अनिवार्य गर्नु पर्नेछ। |
| न्यूनतम मापदण्ड | १.कृषि बजार तथा संकलन केन्द्र निर्माण गर्न आवश्यक जग्गा व्यवस्थापन भएको हुनुपर्नेछ।<br>२.बिजुली,खानेपानी,शेड हाउस,शौचालय,तौल यन्त्र,संकलन केन्द्र आदि व्यवस्थापन भएको हुनुपर्नेछ। |
| अनुदान शर्त | १.साकेला गाउँपालिकाबाट  कृषिजन्य उत्पादन भएका वस्तुहरु बजारसम्म पुर्याउन कृषि एम्बुलेन्स मार्फत ढुवानिमा २५% अनुदान सहयोग गर्न सकिनेछ।<br>२.साकेला गाउँपालिकाले बजार निर्माण तथा संकलन केन्द्र १००% मा  स्थापना गर्न सकिनेछ। |
| कार्यक्रम सञ्चालन विधि | १. सूचना प्रकाशन,<br>२. अनुसूची-२ को ढाँचामा प्रस्ताव सङ्कलन,<br>३. प्रस्ताव मुल्याङ्कन तथा प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट,<br>४. प्रस्ताव स्वीकृति, सम्झौता र कार्यादेश,<br>५. सम्झौता भएपछी लाभग्राहीले सामग्री खरिद तथा जडान गरी सक्कल बिल सहित भुक्तानी माग,<br>६. भौतिक निर्माण कार्यका लागि प्राविधिक ईष्टिमेट अनुसार गर्न सकिनेछ।<br>६. स्थलगत अनुगमन तथा प्रतिवेदन, खरिद तथा वितरण सम्बन्धी कार्यहरू आधारभुत स्पेसिफिकेशन, कार्यक्रम प्रस्ताव तथा ल.ई. तयार गरी अनुदान बापतको रकम प्रचलित खरिद ऐन २०६३ र नियामावली २०६४ वमोजिम उपलब्ध गराउन सक्नेछ। |
| **कार्यक्रम** | **युवा लक्षित कृषि विकास** |
| परिचय | यो कार्यक्रममा १६ देखि ४० वर्ष उमेर सम्मका, विदेशवाट फर्केका, तथा विदेश जान लागेका स्थानिय वेरोजगार यूवाहरुलाई तरकारी, च्याउ, र मह उत्पादन व्यवसायको लागि आवश्यक पर्ने प्रविधि प्रदान गरी कार्यक्रम संचालन गरिनेछ। |
| उद्देश्य | युवालाई कृषि क्षेत्रमा आकर्षित गर्दै कृषि क्षेत्रको व्यवसायिकरण गर्ने तथा रोजगारीको सिर्जना गर्ने। |
| गर्न सकिने क्रियाकलापहरू | १. युवा लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यक्रमः<br>२. युवा लक्षित व्यवसायिक च्याउ उत्पादन कार्यक्रमः<br>३. युवा लक्षित व्यवसायिक मौरी पालन कार्यक्रमः कम्तिमा बीस वटा घार थप भएको वा मौरीपालन भएको हुनु पर्ने। |
| न्यूनतम मापदण्ड | ▪ ५ रोपनी क्षेत्रफलमा  व्यवसायिक तरकारी खेती गरेको हुनुपर्ने तथा कम्तिमा दुई वटा प्लास्टिक टनेल निर्माण गरि तरकारी खेति गर्नुपर्ने।<br>वा |

| | |
|---|---|
| | ▪ कन्ये च्याउ तथा Milky White च्याउको हकमा कम्तिमा दुईवटा चौध फिट चौडा र २२ फिट लम्बाईको टहरामा च्याउ खेती गरेको हुनुपर्ने।<br>▪ सिताके च्याउ – तिन देखि आठ ईन्च व्यास भएका एक मीटर लम्वाईका कम्तिमा पचहत्तर वटा काठमा खेती गर्नुपर्ने।<br>▪ गोब्रे च्याउ – दुई हजार के.जी.को कम्पोष्ट तयार तथा प्रयोग भएको हुनुपर्ने र दुईवटा चौध फिट चौडा र २२ फिट लम्बाईको टहरामा च्याउ खेती गरेको हुनुपर्ने।<br>वा<br>▪ कम्तिमा बीस वटा घार थप भएको वा मौरीपालन भएको हुनु पर्ने। |
| अनुदान शर्त | यस्तो कार्यक्रम सञ्चालन गर्न लागतको आधारमा ७५% देखि ८५% अनुदान रकम उपलब्ध गराउन सकिनेछ। |
| कार्यक्रम सञ्चालन विधि | क) एक पटक युवा लक्षित कार्यक्रम मार्फत च्याउ उत्पादन, मह तथा तरकारी उत्पादनमा अनुदान पाएका युवा कृषकलाई यो कार्यक्रममा सहभागी गराइने छैन।<br>ख) युवा लक्षित कार्यक्रममा तोकिएको समय सीमाभित्र विधिवत रुपमा प्राप्त आवेदनहरुको मूल्याङ्कनका स्पष्ट आधारहरु तय गरी छनोट तथा मूल्याकंन समितिले छनौट गरी लाभग्राही युवाको नाम सार्वजनिक गराउनु पर्नेछ।<br>ग) प्रस्ताव छनौट पश्चात प्रस्तावक तथा गाउँपालिका विच प्रचलित ऐन, कानून तथा स्वीकृत स्थानीय दररेट लाई आधार मानी स्वीकृत लागत अनुमान समेत राखी सम्झौता गर्नुपर्नेछ।<br>घ) कार्य सम्पन्न भैसके पछि सहभागी युवा कृषि उद्यमीले कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ र गाउँपालिकाबाट स्थलगत निरीक्षण गरी कार्य सम्पन्नताका आधारमा एकमुष्ट अनुदान रकम बैंक खाता मार्फत भुक्तानी गरिनेछ। |
| **कार्यक्रम** | **कृषि पर्यटन प्रवर्द्धन** |
| परिचय | साकेला गाउँपालिकाको कृषि पर्यटनलाई आर्थिक विकासको एउटा महत्वपुर्ण पाटोको रुपमा हेर्न सकिन्छ,यसले गरामिण अर्थतन्त्रलाई टेवा पुर्याउनका साथै रोजगारीका अवसर सिर्जना गर्न सकिन्छ। |
| उद्देश्य | १. ग्रामिण क्षेत्रमा कृषि पर्यटनको विकास गर्ने।<br>२.आय-आर्जन वृद्धि गर्ने।<br>३.कृषि उत्पादन र स्थानिय परम्पराको प्रचार प्रसार गर्ने।<br>४.कृषि र पर्यटन क्षेत्रबिच सहकार्य स्थापित गर्ने।<br>५. रोजगारीका अवसर सिर्जना गर्ने। |
| गर्न सकिने क्रियाकलापहरू | १.कृषि पर्यटन सम्वन्धि प्रचार सामाग्री तयार गर्न सकिनेछ ॥<br>२.आवस व्यवस्थापन तथा सुधार सहयोग कार्यक्रम संचालन गर्न सकिनेछ।<br>३.आधारभुत तालिम कृषि पर्यटनको महत्व,सरसफाई,अथिति संस्कार र खानाको परिकार बनाउने तालिम दिन सकिनेछ।<br>४.सुविधा व्यवस्थापनःखानेपानी,बिजुली,शौचालय र फोहोर व्यवस्थापन गर्न सकिनेछ।<br>५. पर्यटकलाई घुमाउन मिल्नेगरी फार्म,बगैँचा र पशुपालन क्षेत्रको व्यवस्थापन गर्न सकिनेछ। |
| न्यूनतम मापदण्ड | यस गाउँपालिकाले आवश्यक्ता अनुसार बजेट व्यवस्था गरी निर्माण तथा स्त्तोरन्नति गर्दै लगिनेछ। |
| कार्यक्रम सञ्चालन विधि | १. योजना निर्माण।<br>२. पूर्वाधार विकास निर्माण।<br>३. जानशक्ति व्यवस्थापान।<br>४. बजारीकरण र प्रवर्धन।<br>५. मूल्याङकन र सुधार। |

| कार्यक्रम | साना तथा मझौला सिँचाइ आयोजना निर्माण तथा मर्मत संभार |
|---|---|
| परिचय | गाउँ स्तरीय साना तथा मझौला सिँचाइ आयोजना निर्माण तथा मर्मत संभार कार्यक्रम कार्यान्वयनका लागि विभिन्न किसिमका सिंचाई संरचना निर्माणका कार्यक्रम सञ्चालन हुनेछ। |
| उद्देश्य | १. सिंचित क्षेत्रफलमा विस्तार गर्ने।<br>२. सघन वाली प्रणालीको विकास गर्ने।<br>३. बालीनालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने।<br>४. सिंचाईका क्षेत्रमा नविनतम प्रविधि अनुसरण गर्ने तथा सिँचाइ संरचनाको संरक्षण गर्ने। |
| गर्न सकिने क्रियाकलापहरू | १. प्लास्टिक पोखरी,सिँचाई पाईप,नहर तथा सिंचाई कुलो निर्माण तथा मर्मत संभार गर्न सकिनेछ। |
| न्यूनतम मापदण्ड | २. साकेला गाँउपालिका मातहतका कृषक, कृषक समूह, कृषि सहकारी संस्था र कृषि फर्म हुनुपर्ने,<br>३. कृषक समूह, कृषि सहकारी संस्था र कृषि फर्म दर्ता भएको हुनुपर्ने,<br>४. सिँचाइ आयोजनाको नाम राखिनुपर्ने,<br>५. माग गरिएको सिँचाइ आयोजनाको कमाण्ड क्षेत्र कम्तिमा १ बिघा हुनुपर्ने,<br>५. सिँचाइ आयोजनाबाट कम्तिमा १० घरधुरी लाभान्वित हुनुपर्ने,<br>६. प्राविधिक लागत ईष्टिमेट तयार गर्नुपर्ने,<br>७. गत आर्थिक वर्षमा लाभान्वित भएका कृषकको मागलाई कम प्राथमिकता दिनुपर्ने। |
| अनुदान शर्त | उल्लेखित क्रियाकलापहरु सञ्चालन गर्नको लागि ८५% अनुदान रकम उपलब्ध गराउन सकिनेछ। |
| कार्यक्रम सञ्चालन विधि | १. सूचना प्रकाशन र अनुसूची-१ को ढाँचामा प्रस्ताव सङ्कलन,<br>२. फिल्ड निरीक्षण, प्रस्ताव मुल्याङ्कन तथा प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट,<br>३. प्रस्ताव स्वीकृति, प्राविधिकद्वारा ल.ई. तयार गरी योजना शाखा मार्फत सम्झौता र कार्यादेश,<br>४. सम्झौता भएपछी लाभग्राहीले कार्यक्रम सञ्चालनका लागि सामग्री खरिद गरी कार्य सम्पन्न गरी सक्कल बिल सहित भुक्तानी माग,<br>. स्थलगत अनुगमन तथा प्रतिवेदन,<br>१. कृषि विकास शाखाको सिफारिस बमोजिम कृषक/कृषि संस्थाहरुलाई भुक्तानी |
| **कार्यक्रम** | **कृषि मेला/महोत्सव तथा अन्य दिवस सञ्चालन (धान दिवस, चिया दिवस, कफी दिवस आदि)** |
| परिचय | "देखेपछि विश्वास बढ्छ" भन्ने कृषि प्रसार सिद्धान्तको आधारमा कृषकहरुद्वारा उत्पादित कृषि उपजहरु प्रदर्शनमा राखेर उनीहरुबीच प्रतिशपर्धा गराई दर्शकहरुले प्रविधि सिकि बढी उत्पादन गर्न सकुन भन्ने ध्ययले यो कार्यक्रम सञ्चालन गरिन्छ। |
| उद्देश्य | १. साकेला गाँउपालिका भित्रका उत्पादनको प्रचार-प्रसारका साथै बजारिकरण गर्ने।<br>२. कृषकहरुलाई उत्कृष्टताको आधारमा कदर गर्नु। |
| गर्न सकिने क्रियाकलापहरू | १. स्टल बुकिङ् खर्च प्रदान गर्न सकिने,<br>२. श्रव्य दृष्य तथा प्रचार प्रसार संचालनमा सहयोग,<br>३. पुरस्कार, प्रमाण पत्र, चिया खाजा र अन्य व्यवस्थापन (नारा सहितको टि-सर्ट/टोपी छपाई) खर्चमा सहयोग। |
| न्यूनतम मापदण्ड | १. साकेला गाँउपालिका मातहतका कृषक, कृषक समूह, कृषि सहकारी संस्था र कृषि फर्म हुनुपर्ने,<br>२. कृषक समूह, कृषि सहकारी संस्था र कृषि फर्म दर्ता भएको हुनुपर्ने। |
| अनुदान शर्त | १. वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अनुसार हुनेछ। |
| कार्यक्रम सञ्चालन विधि | १. सङ्घीय तथा प्रादेशिक मापदण्ड र निर्देशन बमोजिमका दिवस मनाउने कार्यक्रम उक्त मापदण्ड तथा निर्देशन बमोजिम |

रवि प्रकाश राई
गाउँपालिका अध्यक्ष

| | |
|---|---|
| | सञ्चालन हुने,<br>२. सचेतनामुलक कार्यक्रमका लागि होर्डिङ बोर्ड, ब्यानर, फ्लेक्स लगायतका जनचेतनामूलक प्रचार सामग्री तयार गरी प्रचार प्रसार गरिने,<br>३. धान दिवसका लागि कृषि शाखा र गाउँपालिका भित्रको कुनै कृषि समूह, सहकारीसँग सम्झौता गरी छनौट भएको स्थानमा रोपाईँ, दही चिउरा खाने, हिले दौड प्रतियोगिता, आधुनिक प्रविधि प्रदर्शन, नाचगान जस्ता क्रियाकलापहरु गरिने । |
| **कार्यक्रम** | **स्थानीय उत्पादनको लोगो सहित ब्रान्डिङ** |
| परिचय | स्थानीय उत्पादनको पहिचान, प्रचार-प्रसार, गुणस्तर कायम र सहज बजारीकरणका लागी "मेड ईन साकेला" को ट्याग सहित ब्राण्डिङ कार्यक्रम सञ्चालन गरिन्छ । |
| उद्देश्य | १. स्थानीय उत्पादनको गुणस्तर कायम गरी प्रचार-प्रसार गर्ने । |
| गर्न सकिने क्रियाकलापहरू | १. मह ब्रान्डिङका लागि "मेड ईन साकेला" अंकित स्टिकर सहितको १ के.जी. को प्लाष्टिक बट्टा अथवा स्टिकर मात्र वितरण गर्न सकिने,<br>२. मह प्रशोधनमा प्रयोग हुने उपकरणमा सहयोग,<br>३. च्याउ, कोदो, फापर जस्ता स्थानिय उत्पादनको ब्रान्डिङका लागि मेड ईन साकेला प्रिन्टेड पोलिथिन झोला वितरण । |
| न्यूनतम मापदण्ड | १. साकेला गाँउपालिका मातहतका कृषक, कृषक समूह, कृषि सहकारी संस्था र कृषि फर्म हुनुपर्ने,<br>२. कृषक समूह, कृषि सहकारी संस्था र कृषि फर्म दर्ता भएको हुनुपर्ने,<br>३. साकेला गाँउपालिका भित्र उत्पादित वस्तु हुनुपर्ने,<br>४. मह ब्रान्डिङका लागि न्यूनतम १०० के.जी. मह उत्पादन क्षमता हुनुपर्ने,<br>५. च्याउ ब्रान्डिङका लागि दैनिक न्यूनतम १०० के.जी. च्याउ उत्पादन क्षमता हुनुपर्ने ।<br>६. अनुसूचि-९ बमोजिमको ढाँचामा लोगो बनाई टाँस्नुपर्ने । |
| अनुदान शर्त | १. मेड इन साकेलाको स्टिकर, ब्रान्डेड प्लाष्टिक ब्याग आदि  छपाई तथा वितरणमा शत प्रतिशत अनुदान उपलब्ध हुनेछ ।<br>२. प्रशोधन उपकरणमा ८० प्रतिशत अनुदान हुनेछ । |
| कार्यक्रम सञ्चालन विधि | १. सूचना प्रकाशन र अनुसूची-२ को ढाँचामा प्रस्ताव सङ्कलन,<br>२. प्रस्ताव मुल्याङ्कन तथा प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट,<br>३. प्रस्ताव स्वीकृति, सम्झौता र कार्यादेश,<br>१. सम्झौता भएपछी लाभग्राहीले सामग्री खरिद गरी सक्कल बिल सहित भुक्तानी माग,<br>२. ब्रान्डिङ सामग्री पकेट समूह (च्याउ, मौरी, तरकारी आदि)/कृषि सहकारी/कृषि फर्म मार्फत वितरण गरिने,<br>३. स्थलगत अनुगमन तथा प्रतिवेदन,<br>४. कृषि शाखाद्वारा छपाई, खरिद तथा वितरण सम्बन्धी कार्यहरू आधारभुत स्पेसिफिकेशन, कार्यक्रम प्रस्ताव तथा ल.ई. तयार गरी प्रचलित खरिद कानून अपनाई खरिद गरी उपलब्ध गराउन सक्नेछ । |
| **कार्यक्रम** | **बाली उपचार शिविर सञ्चालन (प्लान्ट क्लिनिक)** |
| परिचय | कृषकहरुको बाली विरुवामा देखा पर्ने समस्याहरुको स्थलगत रुपमा विज्ञहरुको सेवा मार्फत समाधानका लागि विभिन्न स्थानहरुमा बाली उपचार शिविर सञ्चालन गरिनेछ । |
| उद्देश्य | १.कृषकको बालीमा रोग, किरा तथा अन्य समस्याहरुको सहि पहिचान गरी समयमै उपयूक्त प्रविधि सिफारिस गर्ने ।<br>२.विषादीको समुचित प्रयोग गर्दै वतावरणमा संरक्षणमा सहयोग पुर्याउने । |
| गर्न सकिने क्रियाकलापहरू | १. कृषकले ल्याएको बालीको नमूना र कृषकसँग लिइएको जानकारीका आधारमा समस्या पहिचान गरी समाधानका |

| | |
|---|---|
| | उपायहरु कृषकले बुझ्ने गरी लिखित रुपमा कृषकलाई उपलब्ध गराउनु पर्नेछ। उक्त दिन बाली नमूनाको समस्या पहिचान हुन नसकेमा यथासक्य छिटो उपयुक्त निकायमा नमूना पठाई समस्याको पहिचान गराई सम्बन्धित कृषकलाई उचित व्यवस्थापनका उपायहरु सहित यथासक्य छिटो जानकारी गराउने व्यवस्था गर्नु पर्नेछ। |
| न्यूनतम मापदण्ड | १. बाली उपचार शिविर संचालन अवधि १ दिनको हुनेछ।<br>**२. प्लान्ट डाक्टर:** कृषि विज्ञानमा कम्तिमा स्नातक पास गरेको वा वाली संरक्षण विधामा कम्तिमा ३ वर्ष कार्य गरेको व्यक्ति प्लान्ट डाकटरको लागी योग्य हुनेछ।<br>३. यस कार्यक्रममा सहभागी कृषकलाई निःशुल्क प्राविधिक सेवा उपलब्ध गराइने छ र अन्य सुविधा उपलब्ध गराइने छैन।<br>४. बाली उपचार शिविर (प्लाण्ट क्लिनिक) विशेषज्ञको प्रत्यक्ष संलग्नतामा गर्नु पर्नेछ। सम्बन्धित पालिकामामा बाली उपचार विशेषज्ञ (प्लाण्ट क्लिनिक विशेषज्ञ नभएमा नजिकको कृषि ज्ञान केन्द्र बाली संरक्षण प्रयोगशाला कृषि विकास निर्देशनालय,अनुसन्धान केन्द्र, गैर सरकारी संस्थाका वा पालिका अन्तर्गतकै तालिम प्राप्त कृषि प्राविधिक वा तालिम प्राप्त बाली उपचार शिविर सञ्चालक द्वारा संचालन गर्न सकिने छ। |
| अनुदान शर्त | वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अनुसार हुनेछ। |
| कार्यक्रम सञ्चालन विधि | १. शिविर सञ्चालन सम्बन्धी सूचना प्रकाशन,<br>२. कृषकहरुको माग तथा बालीनालीमा देखिएका समस्याका आधारमा स्थानको छनौट गरी कार्यक्रम सञ्चालन<br>३. कृषि विकास शाखाले आफ्नो पालिकाको आवश्यक्ता अनुसार वा त्यस क्षेत्रका कृषक,समूह/समितिको माग एवमं सेवाको पहुँच नपुगेका तथा व्यावसायिक खेती भएको वा शत्रुजिवको समस्या बढी भएका वा रासायनिक विषादीको अत्याधिक प्रयोग हुने क्षेत्रमा शिविर संचालन गर्नुपर्नेछ।<br>४. वाली उपचार शिविरको स्थान सकेसम्म धेरैजसो कृषकहरुलाई पायक पर्ने स्थानमा हुनुपर्नेछ र सोको जानकारी कम्तिमा ३ दिन अगावै सम्वन्धित स्थानका कृषकहरुलाई दिनुपर्नेछ।<br>५. प्रत्येक समस्यालाई कार्वन प्रतिको साथ फरक फरक सुझाव पत्रमा प्रविष्ट गरी सुझाव लेख्नु पर्नेछ। जसबाट १ प्रति कृषकहरुलाई दिनु पर्नेछ र अर्को पर्ति तथ्याङ्क व्यवस्थापनको लागि राख्नु पर्नेछ।<br>६. वाली उपचार शिविरमा आएका कृषकहरुलाई कुनै पनि रासायनिक विषादी वितरन गर्न पाईने छैन।<br>७. प्लान्ट डाक्टरले कृषकहरुलाई गराउने सुझाव पत्र को ढाँचा अनुसुची १३ वमोजिम हुनेछ।<br>८. कार्यक्रम सम्भव भएसम्म बिहानको समयमा गर्नु पर्नेछ।<br>९. शिविरमा विषादी तथा बाली संरक्षणका सामग्री खरिद गरी वितरण गर्नु परेमा त्यस सम्बन्धी कार्यक्रम प्रस्ताव, आधारभूत स्पेसिफिकेशन र ल.ई. तयार गरी प्रचलित खरिद तथा वितरण सम्बन्धी कार्यहरू आधारभुत स्पेसिफिकेशन, कार्यक्रम प्रस्ताव तथा ल.ई. तयार गरी अनुदान बापतको रकम प्रचलित खरिद ऐन २०६३ र नियामावली २०६४ वमोजिम उपलब्ध गराउन सक्नेछ। खरिद कानून बमोजिम खरिद तथा वितरण हुने। |
| **कार्यक्रम** | **माटो परीक्षण घुम्ती शिविर सञ्चालन/माटो सुधार** |
| परिचय | यो कार्यक्रम संचालन विशेषत कृषि व्यवसाय खेती प्रविधिमा अधिक रासायनिक मल, विषादीको प्रयोग र त्यसको नकारात्मक प्रभावमा सुधार तथा माटो जाँच, माटो सुधार र प्राङ्गारिक उत्पादनमा सहयोग पुग्ने गरी यो कार्यक्रम संचालन गरिने छ। |
| उद्देश्य | १. माटोको उर्बराशक्ति कायम राखि माटो स्वास्थ्यको दिगो व्यवस्थापन गर्ने। |

| | |
|---|---|
| गर्न सकिने क्रियाकलापहरू | १. माटो परीक्षण मिनि ल्याब संचालन गर्नका लागि आवश्यक उपकरण तथा रसायन खरिद गरी मिनी ल्याब तथा घुम्ती शिविरको संचालन गर्न सकिनेछ,<br>२. माटो सुधारका लागि बढीमा ७५ प्रतिशत अनुदानमा जिंक, ढैचाको बीउ, कृषि चुन तथा जिप्सम वितरण गर्न सकिनेछ,<br>३. यस कार्यक्रमबाट नविनतम तालिम तथा अभिमूखीकरण कार्यक्रम संचालन गर्न सकिनेछ,<br>४. नियमित रुपमा माटो जाँच गर्नका लागि आवश्यक पर्ने विभिन्न सामाग्रीहरु बढीमा ७५ प्रतिशतसम्म अनुदानमा उपलब्ध गराइने छ। |
| न्यूनतम मापदण्ड | १. शिविर संचालन अवधि १ दिनको हुनेछ।<br>२. यस कार्यक्रममा सहभागी कृषकलाई निःशुल्क प्राविधिक सेवा उपलब्ध गराइने छ र अन्य सुविधा उपलब्ध गराइने छैन। |
| अनुदान शर्त | माटो सुधारका लागि आवश्यक सामग्रीमा ७५ प्रतिशत अनुदान दिन सकिनेछ। |
| कार्यक्रम सञ्चालन विधि | १. शिविर सञ्चालन सम्बन्धी सूचना प्रकाशन,<br>२. कृषकहरुको मागका आधारमा स्थानको छनौट गरी कार्यक्रम सञ्चालन।<br>३. शिविरमा माटो सुधार सामग्री, रसायन तथा उपकरण खरिद गर्नु परेमा त्यस सम्बन्धी कार्यक्रम प्रस्ताव तयार गरी खरिद तथा वितरण सम्बन्धी कार्यहरू आधारभुत स्पेसिफिकेशन, कार्यक्रम प्रस्ताव तथा ल.ई. तयार गरी प्रचलित खरिद ऐन २०६३ र नियामावली २०६४ वमोजिम उपलब्ध गराउन सक्नेछ। |
| **कार्यक्रम** | **प्राङ्गारिक कृषि प्रर्वद्धन (प्राङ्गारिक मल उत्पादन सहयोग कार्यक्रम)** |
| परिचय | प्राङ्गारिक खेती प्रवर्द्धन गरी स्वच्छ उत्पादन पद्धतिलाई प्रोत्साहन गर्न गाउँ स्तरमा सञ्चालन हुने प्राङ्गारिक कृषि प्रबर्द्धन कार्यक्रम कार्यान्वयन हुनेछ। |
| उद्देश्य | १. रासायनिक मल तथा विषादीको प्रयोग न्यूनीकरण गरी सुरक्षित एवं स्वस्थकर कृषि उपजको उत्पादन तथा बजारीकरण प्रवर्द्धन गर्दै प्राङ्गारिक खेतितर्फ उन्मुख गराउने।<br>२. प्राङ्गारिक कृषि प्रविधिको अनुशरण तथा विस्तारका लागि कृषकहरुलाई स्थान विशेष प्रविधिको अवलम्बनमा सहजीकरण गर्दै विषादी रहित कृषि उत्पादन वृद्धि गर्ने। |
| गर्न सकिने कृयाकलापहरु | १. प्राङ्गारिक तरकारी तथा फलफूल नर्सरी स्थापना,<br>२. जैविक तथा वानस्पतिक मल (झोलमोल, गड्यौले मल, कम्पोष्ट मल, हरियो मल आदि) तथा विषादी उत्पादन,<br>३. प्राङ्गारिक खेती गर्ने कृषकलाई जैविक-वानस्पतिक मल तथा विषादी खरिद तथा प्रयोगमा अनुदान,<br>४. प्राङ्गारिक मल तथा विषादी बनाउन तथा गाईवस्तुको मुत्र संकलनका लागि ड्रम खरिद तथा सिमेन्टेड ट्याङ्की निर्माणमा सहयोग,<br>५. प्राङ्गारिक तथा जैविक मल उत्पादन सम्बन्धी प्राविधिक तालिम,<br>६. प्राङ्गारिक कृषि फार्म/केन्द्र मा १ दिने कृषक अवलोकन भ्रमण। |
| न्यूनतम मापदण्ड | १. साकेला गाँउपालिका मातहतका कृषक, कृषक समूह, कृषि सहकारी संस्था र कृषि फर्म हुनुपर्ने,<br>२. कृषक समूह, कृषि सहकारी संस्था र कृषि फर्म दर्ता भएको हुनुपर्ने,<br>३. जग्गा भाडामा लिएको भए कम्तीमा ५ वर्षको करार सम्झौता हुनुपर्ने,<br>४. बाझो रहेको खेतियोग्य जग्गालाई प्राथमिकता दिईने<br>५. प्राङ्गारिक उत्पादनको (प्राङ्गारिक फर्म) लागि कम्तिमा २० कठ्ठा क्षेत्रफल हुनुपर्ने,<br>६. गत आर्थिक वर्षमा लाभान्वित भएका कृषकको मागलाई कम प्राथमिकता दिनुपर्ने।<br>१. कार्यक्रम पहिचानका लागि अनुसूची-८ बमोजिमको सायन बोर्ड राख्नुपर्ने। |
| अनुदान शर्त | उल्लेखित क्रियाकलापहरु सञ्चालन गर्नको लागि ८०% अनुदान रकम उपलब्ध गराउन सकिनेछ। |

| | |
|---|---|
| कार्यक्रम सञ्चालन विधि | १. सूचना प्रकाशन र अनुसूची-२ को ढाँचामा प्रस्ताव सङ्कलन,<br>२. फिल्ड निरीक्षण र प्रस्ताव मुल्याङ्कन, प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट,<br>३. प्रस्ताव स्वीकृति, सम्झौता र कार्यादेश,<br>४. सम्झौता भएपछी लाभग्राहीले सामग्री खरिद गरी सक्कल बिल सहित भुक्तानी माग,<br>५. स्थलगत अनुगमन तथा प्रतिवेदन,<br>६.कृषि विकास शाखाको सिफारिस बमोजिम कृषक/कृषि संस्थालाई भुक्तानी, खरिद तथा वितरण सम्बन्धी कार्यहरू आधारभुत स्पेसिफिकेशन, कार्यक्रम प्रस्ताव तथा ल.ई. तयार गरी अनुदान बापतको रकम प्रचलित खरिद ऐन २०६३ र नियामावली २०६४ वमोजिम उपलब्ध गराउन सक्नेछ ।<br>७. खरिद तथा वितरण सम्बन्धी कार्यहरू आधारभुत स्पेसिफिकेशन, कार्यक्रम प्रस्ताव तथा ल.ई. तायार गरी अनुदान बापतको रकम गाउँको खातामा जम्मा भएपश्चात गाउँले प्रचलित खरिद कानून अपनाई खरिद गरी उपलब्ध गराउन सक्नेछ । |

| **कार्यक्रम** | **प्राविधिक कर्मचारीको क्षमता अभिवृद्धि** |
|---|---|
| परिचय | साकेला गाउँपालिका कृषि विकास तथा पशु सेवा शाखा अन्तर्गत प्राविधिक कर्मचारीको ज्ञान,सीप र कार्यकुशलता अभिवृद्धि गरी कर्मचारीहरुलाई नयाँ प्रविधि,नीति र उत्कृष्ट अभ्यासहरु सँग परिचित गराई उनिहरुको व्यवसायिक दक्षता बढाउनेछ । |
| उद्देश्य | १. प्राविधिक कर्मचारीहरुको नवीनतम कृषि प्रविधि र ज्ञानमा पहुँच सुनिश्चित गर्ने ।<br>२. अनुसन्धान,विश्लेषन र समस्या समाधान गर्ने ।<br>३. सेवाग्राहीसँगको सम्बन्धलाई सुमधुर बनाउन आवश्यक व्यवहारीक ज्ञान प्रदान गर्ने । |
| गर्न सकिने क्रियाकलापहरू | १.अभिमुखिकरण र पुनर्ताजगी तालिम<br>२. स्थलगत अध्ययन र अवोलकन भ्रमण<br>३.तालिम तथा कार्यशाला गोष्ठी गर्न सकिनेछ । |
| न्यूनतम मापदण्ड | १.न्यूनतम सेवा अवधि १वर्ष पुगेको हुनुपर्ने ।<br>२.कार्य सम्पादन मूल्याङकन सन्तोषजनक हुनुपर्नेछ ।<br>३.तालिमको लागी समानुपातिक सहभगिता हुनुपर्नेछ । |
| **कार्यक्रम** | **क्रप कटिङ (अन्न बाली, तरकारी बाली, तेलहन बाली आदि)** |
| परिचय | विभिन्न बालीको उत्पादन सम्बन्धी आँकडा संकलन गर्ने विधि अपनाई गरिने कटानलाई क्रप कटिङ भनिन्छ । मुख्यतः यो कार्यक्रम बाली उत्पादनस्तर/दर अनुमान गर्न सञ्चालन गरिन्छ । |
| उद्देश्य | १. कुन कुन बाली कति कति उत्पादन भयो भन्ने उत्पादनस्तर/दर निर्धारण गर्न आँकडा लिने । |
| गर्न सकिने क्रियाकलापहरू | १. उत्पादन थलोमा दश वर्ग मिटर क्षेत्रफल रेखाङ्कन गरी त्यसबाट आवश्यक तथ्याङ्क लिने । |
| न्यूनतम मापदण्ड | १. सिञ्चित, असिञ्चित, स्थानीय, उन्नत सबै खालको प्रतिनिधित्व हुने गरी नमुना लिनु पर्ने । |
| अनुदान शर्त | वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अनुसार । |
| कार्यक्रम सञ्चालन विधि | १. सिजन अनुसार को बालीका लागि आवश्यक प्रस्ताव तयार गरी कार्यक्रम सञ्चालन गर्न सकिने । |
| **कार्यक्रम** | **थोपा सिँचाइ** |
| परिचय | सिँचाइको पर्याप्त सुबिधा नभएको स्थानमा सानो स्रोतको पानीले धेरै जग्गा सिंचित गर्न, सिँचाइ श्रम लागत घटाउन, बालीको उत्पादन परिमाण र गुणस्तरलाई सुधार गर्न थोपा सिँचाइ प्रभावकारी रहन्छ । |

| | |
|---|---|
| उद्देश्य | प्रेसर थोपा सिँचाइ विधिलाई सम्भाव्य स्थानमा प्रवर्द्धन गर्दै बाली सघनतामा वृद्धि गरी जमिनको उत्पादकत्व बढाउने । |
| गर्न सकिने क्रियाकलापहरू | १. सिँचाइ अभाव हुने क्षेत्रमा ५००-१००० लिटरको ट्याङ्की र ट्याङ्की राख्ने स्ट्यान्डमा सहयोग,<br>१. थोपा सिँचाइ डेलिभरी पाईपमा सहयोग,<br>२. पाईप जडानमा सहयोग, |
| न्यूनतम मापदण्ड | १. साकेला गाँउपालिका मातहतका कृषक, कृषक समूह, कृषि सहकारी संस्था र कृषि फर्म हुनुपर्ने,<br>२. कृषक समूह, कृषि सहकारी संस्था र कृषि फर्म दर्ता भएको हुनुपर्ने,<br>३. तरकारी खेती न्युनतम ४ कठ्ठामा (एकै स्थानमा) गरेको हुनुपर्ने, |
| अनुदान शर्त | १. थोपा सिँचाइ उपकरणमा तथा जडानमा ५० प्रतिशत अनुदान हुनेछ। |
| कार्यक्रम सञ्चालन विधि | १. सूचना प्रकाशन र अनुसूची-२ को ढाँचामा प्रस्ताव सङ्कलन,<br>२. प्रस्ताव मुल्याङ्कन तथा प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट,<br>३. प्रस्ताव स्वीकृति, सम्झौता र कार्यादेश,<br>४. सम्झौता भएपछी लाभग्राहीले सामग्री खरिद तथा जडान गरी सक्कल बिल सहित भुक्तानी माग,<br>५. स्थलगत अनुगमन तथा प्रतिवेदन,<br>६. खरिद तथा वितरण सम्बन्धी कार्यहरू आधारभुत स्पेसिफिकेशन, कार्यक्रम प्रस्ताव तथा ल.ई. तायार गरी अनुदान बापतको साझेदारी रकम गाउँको खातामा जम्मा भएपश्चात गाउँले प्रचलित खरिद कानून अपनाई खरिद गरी उपलब्ध गराउन सक्नेछ।<br>७. सार्वजनिक सुनुवाई अनिवार्य गर्नु पर्नेछ। |

| कार्यक्रम | **खाद्यन्न वाली प्रवर्धन** |
|---|---|
| परीचय | साकेला गाउँपालिकाको भौगोलिक अवस्थालाई मध्यनजर गर्दै स्थानिय कृषकहरुको आयस्तर वृद्धि गर्न र खाद्यन्न वालीको उत्पादन बढाउन सकिन्छ। |
| उद्देश्य | १.गाउँपालिकामा खाद्यन्न वालीहरुमा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने<br>२. खाद्य सुरक्षा सुनिश्चित गर्ने। |
| गर्न सकिने क्रियाकलापहरु | १.उन्नत वीउविजन खरिद, ढुवानी तथा वितरण कार्यक्रम गर्न सकिनेछ।<br>२.तालिम/गोष्ठि संचालन गर्न सकिनेछ।<br>३.विभिन्न उत्पादनमुलक कार्यक्रम गर्न सकिनेछ।<br>४.कृषि उपकरणमा सहयोग गर्न सकिनेछ। |
| न्यूनतम मापदण्ड | खाद्यान्न बाली उत्पादनमा समूह/सहकारी भए कम्तिमा ४० रोपनी, व्यक्ति भए ५ रोपनी हुनुपर्नेछ। |
| अनुदान शर्त | उल्लेखित क्रियाकलाप संचालन गर्दा ७५% अनुदान रकममा कार्यक्रम उपलब्ध गराईनेछ। |
| कार्यक्रम संचालन विधि | १. सूचना प्रकाशन र अनुसूची-२ को ढाँचामा प्रस्ताव सङ्कलण।<br>२. प्रस्ताव स्वीकृति, सम्झौता र कार्यादेश,<br>३. सम्झौता भएपछी लाभग्राहीले सामग्री खरिद गरी सक्कल बिल सहित भुक्तानी माग,<br>४. स्थलगत अनुगमन तथा प्रतिवेदन,<br>५. भौतिक निर्माण कार्यका लागि प्राविधिक ईष्टिमेट अनुसार गर्न सकिनेछ।<br>६. सार्वजनिक सुनुवाई अनिवार्य गर्नु पर्नेछ।<br>७. खरिद तथा वितरण सम्बन्धी कार्यहरू आधारभुत स्पेसिफिकेशन, कार्यक्रम प्रस्ताव तथा ल.ई. तयार गरी |

रवि प्रकाश राई
गाउँपालिका अध्यक्ष

| | |
|---|---|
| | गर्नुपर्नेछ। |
| कार्यक्षेत्र | १. साकेला गाउँपालिका भित्रका सबै वडाहरुमा संचालन गर्न सकिने। |
| अनुगमन तथा मूल्याङकन | १. अनुगमन तथा मूल्याङकन साकेला गाउँपालिका कार्यालय,अनुगमन समिति र कृषि विकास शाखाले गर्न सक्नेछ। |
| कार्यक्रम संचालन विधि | १. खरिद तथा वितरण सम्बन्धी कार्यहरू आधारभुत स्पेसिफिकेशन, कार्यक्रम प्रस्ताव तथा ल.ई. तयार गरी अनुदान बापतको रकम प्रचलित खरिद ऐन २०६३ र नियामावली २०६४ वमोजिम उपलब्ध गराउन सक्नेछ। |

| कार्यक्रम | **तरकारी वाली प्रवर्धन** |
|---|---|
| परीचय | १. साकेला गाउँपालिकाको भौगोलिक अवस्थालाई मध्यनजर गर्दै स्थानिय कृषकहरुको आयस्तर वृद्धि गर्न र तरकारी वालीको उत्पादन बढाउन सकिन्छ। |
| उद्देश्य | १.गाउँपालिकामा तरकारी वालीहरुमा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने<br>२. खाद्य सुरक्षा सुनिश्चित गर्ने।<br>३.तरकारीमा आत्मनिर्भर हुने। |
| गर्न सकिने क्रियाकलापहरु | १.उन्नत वीउविजन खरिद ढुवानी तथा वितरण कार्यक्रम गर्न सकिनेछ।<br>२.तालिम/गोष्ठि संचालन गर्न सकिनेछ।<br>३.विभिन्न उत्पादनमुलक कार्यक्रम गर्न सकिनेछ।<br>४.कृषि उपकरणमा सहयोग गर्न सकिनेछ।<br>५. सार्वजनिक सुनुवाई अनिवार्य गर्नु पर्नेछ। |
| न्यूनतम मापदण्ड | • तरकारी उत्पादनमा समूह/सहकारी भए कम्तीमा २० रोपनी, व्यक्ति भए २ रोपनी वा २ वटा प्लाष्टिक घर वा नर्सरी भए कम्तीमा ५००० बेर्ना। |
| अनुदान शर्त | उल्लेखित क्रियाकलाप संचालन गर्दा ७५% अनुदान रकममा कार्यक्रम उपलब्ध गराईनेछ। |
| कार्यक्रम संचालन विधि | १. सूचना प्रकाशन र अनुसूची-२ को ढाँचामा प्रस्ताव सङ्कलण।<br>२. प्रस्ताव स्वीकृति, सम्झौता र कार्यादेश,<br>३. सम्झौता भएपछी लाभग्राहीले सामग्री खरिद गरी सक्कल बिल सहित भुक्तानी माग,<br>४. स्थलगत अनुगमन तथा प्रतिवेदन,<br>५. खरिद तथा वितरण सम्बन्धी कार्यहरू आधारभुत स्पेसिफिकेशन, कार्यक्रम प्रस्ताव तथा ल.ई. तयार गरी अनुदान बापतको रकम प्रचलित खरिद ऐन २०६३ र नियामावली २०६४ वमोजिम उपलब्ध गराउन सक्नेछ। |
| कार्यक्षेत्र | १. साकेला गाउँपालिका भित्रका सबै वडाहरुमा संचालन गर्न सकिने। |
| अनुगमन तथा मूल्याङकन | १. अनुगमन तथा मूल्याङकन साकेला गाउँपालिका कार्यालय,अनुगमन समिति र कृषि विकास शाखाले गर्न सक्नेछ। |

| कार्यक्रम | **तेलहन वालि (तोरी, सर्स्यू, रायो, फिलुङ्गे आदि) प्रवर्धन** |
|---|---|
| परीचय | १. साकेला गाउँपालिकाको भौगोलिक अवस्थालाई मध्यनजर गर्दै स्थानिय कृषकहरुको आयस्तर वृद्धि गर्न र तेलहन वालीको उत्पादन बढाउन सकिन्छ। |
| उद्देश्य | १. गाउँपालिकामा तेलहन वालीहरुको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने। |

| | |
|---|---|
| | २. तेलहन वालिमा आत्मनिर्भर हुने ।<br>३. उत्पादन भएको तेल निर्यात गर्ने । |
| गर्न सकिने क्रियाकलापहरु | १.उन्नत वीउविजन खरिद, ढुवानी तथा वितरण कार्यक्रम गर्न सकिनेछ ।<br>२. कृषि यन्त्र उपकरणमा सहयोग गर्न सकिनेछ ।(मिनिटिलर,थ्रेसर,प्याकेजिङ मेसिन,भण्डारणमा प्रयोग हुने सामाग्रीहरु)<br>२.तालिम/गोष्ठि संचालन गर्न सकिनेछ ।<br>३.विभिन्न उत्पादनमुलक कार्यक्रम गर्न सकिनेछ ।<br>४.क्षेत्र विस्तार सम्बन्धि आवश्यक कृयाकलाप गर्न सकिनेछ । |
| न्यूनतम मापदण्ड | • तेलहन वाली उत्पादन समूह/सहकारी भए कम्तीमा ६० रोपनी, व्यक्ति भए २ रोपनी जमिन हुनु पर्नेछ । |
| अनुदान शर्त | उल्लेखित क्रियाकलाप संचालन गर्दा ७५% अनुदान रकममा कार्यक्रम उपलब्ध गराईनेछ । |
| कार्यक्रम संचालन विधि | १. सूचना प्रकाशन र अनुसूची-२ को ढाँचामा प्रस्ताव सङ्कलण ।<br>२. प्रस्ताव स्वीकृति, सम्झौता र कार्यादेश,<br>३. सम्झौता भएपछी लाभग्राहीले सामग्री खरिद गरी सक्कल बिल सहित भुक्तानी माग,<br>४. स्थलगत अनुगमन तथा प्रतिवेदन,<br>५. सार्वजनिक सुनुवाई अनिवार्य गर्नु पर्नेछ ।<br>६. खरिद तथा वितरण सम्बन्धी कार्यहरू आधारभुत स्पेसिफिकेशन, कार्यक्रम प्रस्ताव तथा ल.ई. तयार गरी अनुदान बापतको रकम प्रचलित खरिद ऐन २०६३ र नियामावली २०६४ वमोजिम उपलब्ध गराउन सक्नेछ । |
| कार्यक्षेत्र | १. साकेला गाउँपालिका भित्रका ३ र ४ वडाहरुमा संचालन गर्न सकिने । |
| अनुगमन तथा मूल्याङकन | १. अनुगमन तथा मूल्याङकन साकेला गाउँपालिका कार्यालय,अनुगमन समिति र कृषि विकास शाखाले गर्न सक्नेछ । |

| कार्यक्रम | **बाँझो जग्गा उपयोगका लागि कृषि विकास कार्यक्रम** |
|---|---|
| परीचय | १. साकेला गाउँपालिकाको भौगोलिक अवस्थालाई मध्यनजर गर्दै स्थानिय कृषकहरुको आयस्तर वृद्धि गर्न खेतियोग्य बाँझो जमिन अनुपस्थित भु-स्वामित्व जमिन एवम उपयोगमा नआएका सरकारी एवम सार्वजनिक जमिनलाई कृषि तथा पशुपंक्षी पालन गरी उत्पादन र उत्पादकत्व वृद्धि मार्फत खाद्य तथा पोषण सुरक्षामा सुधार ल्याउने सकिन्छ । |
| उद्देश्य | १. गाउँपालिकाभित्र उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,<br>२. बाँझो जमिन सदुपयोग हुने,<br>३. खाद्य सुरक्षमा आत्मनिर्भर हुने, |
| गर्न सकिने क्रियाकलापहरु | १. बाँझो जग्गाको अभिलेख संकलन ,<br>२. बाँझो जग्गामा खेति गर्ने किसानलाई भाडा शुल्कमा अनुदान सहयोग,<br>३. जग्गा जमिनको ग्रहा सुधार कार्यक्रम,<br>४. सिँचाई संरचना निर्माण तथा मर्मत सुधार,<br>५. मल, बिउ विजन, नर्सरी, विरुवा खरिद,<br>६. कृषि यन्त्र, औजार उपकरण खरिदमा सहयोग<br>७. भकारो सुधार,<br>८. वन्यजन्तुबाट हुने क्षति नियन्त्रण आवश्यक आधारभुत सामाग्रीमा सहयोग । |

| | |
|---|---|
| न्यूनतम मापदण्ड | १. बाँझो जमिनमा खेति गर्न समूह/सहकारी भए कम्तीमा ४०-५० रोपनी, व्यक्ति भए २ रोपनी जमिन हुनु पर्नेछ।<br>२. बाँझो जमिनमा खेति गर्ने कृषक/ समूह/ सहकारीहरुले कम्तिमा ५ वर्ष सम्म लगातार खेति गर्नु पर्नेछ।<br>३. उत्पादन प्रोत्साहनमा पनि सहयोग गर्न सकिनेछ। |
| अनुदान शर्त | उल्लेखित क्रियाकलाप संचालन गर्दा ८५% अनुदान रकममा कार्यक्रम उपलब्ध गराईनेछ। |
| कार्यक्रम संचालन विधि | १. सूचना प्रकाशन र अनुसूची-२ को ढाँचामा प्रस्ताव सङ्कलण।<br>२. प्रस्ताव स्वीकृति, सम्झौता र कार्यादेश,<br>३. सम्झौता भएपछी लाभग्राहीले सामग्री खरिद गरी सक्कल बिल सहित भुक्तानी माग,<br>४. स्थलगत अनुगमन तथा प्रतिवेदन,<br>५. सार्वजनिक सुनुवाई अनिवार्य गर्नु पर्नेछ।<br>६. खरिद तथा वितरण सम्बन्धी कार्यहरू आधारभुत स्पेसिफिकेशन, कार्यक्रम प्रस्ताव तथा ल.ई. तयार गरी अनुदान बापतको रकम प्रचलित खरिद ऐन २०६३ र नियामावली २०६४ वमोजिम उपलब्ध गराउन सक्नेछ। |
| कार्यक्षेत्र | १. साकेला गाउँपालिकाका सबै वडामा संचालन गर्न सकिने। |
| अनुगमन तथा मूल्याङकन | १. अनुगमन तथा मूल्याङकन साकेला गाउँपालिका कार्यालय,अनुगमन समिति र कृषि विकास शाखाले गर्न सक्नेछ। |

| कार्यक्रम | **गाई/भैसी/भेडा/बाख्रा/सुँगुर प्रवर्धन** |
|---|---|
| परीचय | १. साकेला गाउँपालिकाको दुध र मासुमा आत्मनिर्भर बन्नको लागी गाई/भैसी/भेडा/बाख्रा/सँगुर आदि सँग सम्बन्धित प्रवर्धन कार्यक्रम उपयूक्त देखिन्छ। |
| उद्देश्य | १.दुध,मासु,मलमुत्र र घाँस उत्पादन गर्ने।<br>२.गोठ तथा खोर निर्माण गर्ने।<br>३. तालिम संचालन गर्ने।<br>४.राँगा,साढे,वोका,थुमा वितरण गर्ने।<br>५.गाई,भैसी, भेडा,बाख्रा खरिद तथा वितरण गर्ने। |
| गर्न सकिने क्रियाकलापहरु | १.गोठ/खोर/भकारो सुधार निर्माण गर्न सकिनेछ।<br>२.तालिम/गोष्ठि संचालन गर्न सकिनेछ।<br>३.विभिन्न उत्पादनमुलक कार्यक्रम गर्न सकिनेछ।<br>४.गाई, भैसी,भेडा,बाख्रा खरिद तथा वितरण गर्न सकिनेछ।<br>५. उपचारको लागी आवश्यक खोप/औषधी खरिद तथा वितरण गर्न सकिनेछ।<br>६. आवश्यक सामाग्रीहरु खरिद तथा वितरण गर्न सकिनेछ।<br>७. पशुपंक्षी विमा गर्न सकिनेछ।<br>८. विभिन्न प्रकारका उपयोगी घासँहरुको नर्सरी स्थापना तथा संरक्षण कार्यक्रम संचालन गर्न सकिनेछ। |
| न्यूनतम मापदण्ड | १.न्यूनतम ५ माउ गाई/ भैसी पालन गरिरहेको हुनु पर्नेछ।<br>२. न्यूनतम २० माउ भेडा/बाख्रापालन गरिरहेको हुनु पर्नेछ।<br>३. न्यूनतम ५ माउ सुँगुर/बँगुरपालन गरिरहेको हुनुपर्नेछ।<br>४.न्यूनतम १० रोपनी जग्गामा हिउँदे/वर्षे,डाले/ भुई घाँस,१ वर्षे तथा बहुवर्षे घाँस उत्पादन गरिरहेको हुनु पर्नेछ। |
| अनुदान शर्त | उल्लेखित क्रियाकलाप संचालन गर्दा ५०% कार्यक्रम अनुदान रकम उपलब्ध गराईनेछ। |
| कार्यक्रम संचालन विधि | १. सूचना प्रकाशन र अनुसूची-२ को ढाँचामा प्रस्ताव सङ्कलन, |

| | |
|---|---|
| | २. प्रस्ताव मुल्याङ्कन तथा प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट,<br>३. प्रस्ताव स्वीकृति, सम्झौता र कार्यादेश,<br>४. सम्झौता भएपछी लाभग्राहीले सामग्री खरिद गरी सक्कल बिल सहित भुक्तानी माग,<br>५. स्थलगत अनुगमन तथा प्रतिवेदन,<br>खरिद तथा वितरण सम्बन्धी कार्यहरू आधारभुत स्पेसिफिकेशन, कार्यक्रम प्रस्ताव तथा ल.ई. तायार गरी अनुदान बापतको साझेदारी रकम गाउँको खातामा जम्मा भएपश्चात गाउँले प्रचलित खरिद कानून अपनाई खरिद गरी उपलब्ध गराउन सक्नेछ ।<br>६. भौतिक निर्माण कार्यका लागि प्राविधिक ईष्टिमेट अनुसार गर्न सकिनेछ ।<br>७. सार्वजनिक सुनुवाई अनिवार्य गर्नु पर्नेछ । |
| कार्यक्षेत्र | साकेला गाउँपालिका भित्रका सबै वडाहरुमा संचालन गर्न सकिने । |
| अनुगमन तथा मूल्याङकन | अनुगमन तथा मूल्याङकन साकेला गाउँपालिका कार्यालय,अनुगमन समिति र पशु सेवा शाखाले गर्न सक्नेछ । |

| कार्यक्रम | **कुखुरा तथा हाँस प्रवर्धन** |
|---|---|
| परीचय | साकेला गाउँपालिकाको मासु र अण्डामा आत्मनिर्भर तथा आय आर्जन गर्नको लागी कुखुरा तथा हाँस आदि उत्पादन बढाउन सकिन्छ । |
| उद्देश्य | १.मासु ,अण्डा उत्पादन गर्ने ।<br>२.रोजगारी सिर्जना गर्ने । |
| गर्न सकिने क्रियाकलापहरु | १.कुखुरा खरिद तथा खोर निर्माण कार्य गर्न सकिनेछ ।<br>२.दाना/चारा उतपादन तथा खरिद गर्न सकिनेछ।<br>३.तालिम/गोष्ठि संचालन गर्न सकिनेछ ।<br>४.आवश्यक सामाग्री खरिद तथा वितरण गर्न सकिनेछ ।<br>आवश्यक उपचार गर्न औषधि खरिद तथा वितरण गर्न सकिनेछ ।<br>५. विमाको व्यवस्था गर्न सकिनेछ ।<br>६. सार्वजनिक सुनुवाई अनिवार्य गर्नु पर्नेछ । |
| न्यूनतम मापदण्ड | १.न्यूनतम ब्रोईलर/लेयर्स कुखुरा २०० वटा पालन गरेको हुनु पर्नेछ ।<br>२.लोकल/न्यू हेम्पसायर/अष्ट्रोलप/गिरिराज/कोईलर कुखुरा /हाँस १०० वटा पालन गरिरहेको हुनु पर्नेछ । |
| अनुदान शर्त | उल्लेखित क्रियाकलाप संचालन गर्दा ५०% कार्यक्रम अनुदान रकम उपलब्ध गराईनेछ । |
| कार्यक्रम संचालन विधि | १. सूचना प्रकाशन र अनुसूची-२ को ढाँचामा प्रस्ताव सङ्कलन,<br>२. प्रस्ताव मुल्याङ्कन तथा प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट,<br>३. प्रस्ताव स्वीकृति, सम्झौता र कार्यादेश,<br>४. सम्झौता भएपछी लाभग्राहीले सामग्री खरिद तथा जडान गरी सक्कल बिल सहित भुक्तानी माग,<br>५. स्थलगत अनुगमन तथा प्रतिवेदन,<br>खरिद तथा वितरण सम्बन्धी कार्यहरू आधारभुत स्पेसिफिकेशन, कार्यक्रम प्रस्ताव तथा ल.ई. तायार गरी अनुदान बापतको साझेदारी रकम गाउँको खातामा जम्मा भएपश्चात गाउँले प्रचलित खरिद कानून अपनाई खरिद गरी उपलब्ध गराउन सक्नेछ । |

| | |
|---|---|
| | ६. भौतिक निर्माण कार्यका लागि प्राविधिक ईष्टिमेट अनुसार गर्न सकिनेछ ।<br>७. सार्वजनिक सुनुवाई अनिवार्य गर्नु पर्नेछ । |
| कार्यक्षेत्र | साकेला गाउँपालिका भित्रका सबै वडाहरुमा संचालन गर्न सकिने । |
| अनुगमन तथा मूल्याङकन | अनुगमन तथा मूल्याङकन साकेला गाउँपालिका कार्यालय,अनुगमन समिति र पशु सेवा शाखाले गर्न सक्नेछ । |

| कार्यक्रम | **मत्स्य प्रवर्धन** |
|---|---|
| परीचय | साकेला गाउँपालिकामा माछाको उत्पादन बढाउन तथा आय-आर्जन वृद्धि गर्न मत्स्य पालन सम्बन्धि कार्यक्रम संचालन गर्न सकिन्छ । |
| उद्देश्य | १.माछा उत्पादन गर्न ।<br>२.रोजगारी सिर्जना गर्न ।<br>३.आय आर्जन वृद्धि गर्न । |
| गर्न सकिने क्रियाकलापहरु | १.उत्पादन पोखरी निर्माण तथा सुधार गर्न सकिनेछ ।<br>२.सिचाँई प्रवर्धन गर्न सकिनेछ ।<br>३. माछाका भुरा खरिद गर्न सकिनेछ ।<br>४.दाना/चारो खरिद तथा वितरण गर्न सकिनेछ ।<br>५.आवश्यक औषधी तथा सामाग्रीहरु खरिद तथा वितरण गर्न सकिनेछ । |
| न्यूनतम मापदण्ड | १. पोखरी निर्माण गरी माछा उत्पादन गर्दै आएको हुनु पर्नेछ ।<br>२.कम्तिमा ५० वर्ग मिटर भन्दा ठुलो माछा पोखरी रहेको हुनु पर्नेछ ।<br>३. आवश्यक्ताको आधारमा माछा पोखरी बढाउन सकिने जग्गा भएको हुनु पर्नेछ ।<br>४.पानीको स्रोत सुनिश्चत भएको हुनु पर्नेछ । |
| अनुदान शर्त | १.पोखरी निर्माण/दाना ,चारो खरिदमा ५०% अनुदान रकम उपलब्ध गराईनेछ ।<br>२.भुरा/औषधि/सामाग्रीहरु खरिदमा ८५% अनुदान रकम सहयोग उपलब्ध गराईनेछ । |
| कार्यक्रम संचालन विधि | १. सूचना प्रकाशन र अनुसूची-२ को ढाँचामा प्रस्ताव सङ्कलन,<br>२. प्रस्ताव मुल्याङ्कन तथा प्रतिस्पर्धात्मक विधिबाट प्रस्ताव छनौट,<br>१. प्रस्ताव स्वीकृति, सम्झौता र कार्यादेश,<br>२. सम्झौता भएपछी लाभग्राहीले सामग्री खरिद तथा जडान गरी सक्कल बिल सहित भुक्तानी माग,<br>३. स्थलगत अनुगमन तथा प्रतिवेदन,<br>खरिद तथा वितरण सम्बन्धी कार्यहरू आधारभुत स्पेसिफिकेशन, कार्यक्रम प्रस्ताव तथा ल.ई. तयार गरी अनुदान |

| | |
|---|---|
| | बापतको साझेदारी रकम गाउँको खातामा जम्मा भएपश्चात गाउँले प्रचलित खरिद कानून अपनाई खरिद गरी उपलब्ध गराउन सक्नेछ ।<br>४. भौतिक निर्माण कार्यका लागि प्राविधिक ईष्टिमेट अनुसार गर्न सकिनेछ ।<br>५. सार्वजनिक सुनुवाई अनिवार्य गर्नु पर्नेछ । |
| कार्यक्षेत्र | साकेला गाउँपालिका भित्रका सबै वडाहरुमा संचालन गर्न सकिने । |
| अनुगमन तथा मूल्याङकन | अनुगमन तथा मूल्याङकन साकेला गाउँपालिका कार्यालय,अनुगमन समिति र पशु सेवा शाखाले गर्न सक्नेछ । |

## परिच्छेद ५

## कृषि कार्यक्रम कार्यान्वयन खर्च मापदण्ड

### १२. कृषि कार्यक्रम कार्यान्वयनको नर्म्स तथा मापदण्ड देहाय बमोजिम हुनेछः

| क्र.सं. | कार्यक्रम र मापदण्ड |
|---|---|
| १. | **कृषक समूह गठनः-** कृषक समूह दर्ता नविकरण तथा जरिवाना सम्बन्धि खर्चको नर्म्स साकेला गाउँपालिकाको कृषक समूह गठन तथा व्यवस्तापन कार्यविधि, २०८१ बमोजिम हुनेछ। |
| २. | **आकस्मिक बाली संरक्षण कार्यक्रमः-** कृषकका मागका आधारमा चौमासिक रुपमा जैविक तथा बनस्पतिक विषादी खरिद गरी १००% सम्म अनुदानमा बाली संरक्षणका लागि कृषकलाई उपलब्ध गराइने । |
| ३. | **व्यावसायिक फलफूल विकास कार्यक्रम ( नयाँ बगैँचा स्थापना, पुरानो बगैँचा सुद्धिढिकरण वा बगैँचा विस्तार कार्यक्रम) :-** कृषकलाई लागत अनुमानका आधारमा ७५% अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ४. | **मसला बाली प्रबर्द्धन कार्यक्रम(अलैँची/अदुवा/लसुन/बेसार/प्याज) :-** कृषकलाई लागत अनुमानका आधारमा ५०%-७५%अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ५. | **रैथाने बाली प्रबर्द्धन कार्यक्रमः-** कृषकलाई लागत अनुमानका आधारमा आवश्यक्ताका आधारमा अनुदान उपलब्ध गराउन सकिने । |
| ६. | **पुष्प व्यवसाय प्रबर्द्धन कार्यक्रमः-** कृषकलाई लागत अनुमानका आधारमा ५०%-७५% अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ७. | **उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमः-** समग्र विधाबाट छनोट हुने कृषकलाई रु १०,०००/- र अन्य विधाबाट छनोट हुने ५ जना कृषकलाई रु ५,०००/- का दरले ५ वर्षमा कार्यक्रम गरि संचालन गरिनेछ । उक्त कार्यक्रम विशिष्ट व्यत्तिहरुलाई निमन्त्रणा गरि भव्य रुपमा सञ्चालन गरिनेछ । |
